**हावाहुरीबाट जोगिने उपायहरू**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



**जनहितमा जारी सन्देश**

- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा–फटचाङ्ग्राको प्रकोप बढ्छ ।
- आफ्नो घर–आँगन तथा नगर सफा राखौं । सरसफाइ सभ्यताको प्रतीक हो । दैनिक व्यायाम गरौं, स्वस्थ र नीरोग रहौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३७ ❖ २०८१ असार ११ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 25 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९३


## पोखरिया नपाको बजेट प्रस्तुत, उपप्रमुखद्वारा बहिष्कार

धर्मेन्द्र चौरसिया, पोखरिया, १० असार/

पोखरिया नगरपालिकाको आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक भएको छ । नगरप्रमुख प्रद्युम्न चौहानको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष लक्ष्मणसाह शहरी पूर्वाधार निर्माण, नगरमा सडक सञ्जाल निर्माण, स्वास्थ्य र दक्ष जनशक्तिको निर्माण, सुरक्षित प्रसूति सेवा, कृषि र पशुपालनको क्षेत्रमा सुधार, सहकारीको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, सार्वजनिक जग्गाको

नगरप्रमुख चौहानले आगामी वर्षको लागि ४७ करोड १२ लाख ९३ हजारको अनुमानित बजेट प्रस्तुत गरे । उनले काम गर्ने क्रममा जोकोहीबाट कमी कमजोरीहरू हुन्छ तर त्यसलाई नै खोतल्नु सभ्य नेताको काम नभएको जिकिर गरे ।




कानूले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

उपप्रमुख रूबी ठाकुरले कार्यक्रम बहिष्कार गरेपछि वडाध्यक्ष कानूले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । उपप्रमुख ठाकुरले नगरप्रमुख चौहानले बजेट एकलौटी सञ्चालन गर्न लागेको आरोप लगाइन् । उनले आफूलाई नीति तथा कार्यक्रम तयारीको जिम्मा दिएको तर कर्मचारीहरूले कुनै पनि तथ्याङ्क उपलब्ध नगराएको र यसमा नगरप्रमुखले पनि चासो नदेखाएको आरोप लगाइन् । उनीसँगै उनका ससुरा एमाले पोखरिया नगर कमिटीका अध्यक्ष विन्ध्याञ्चल ठाकुरले पनि कार्यक्रम बहिष्कार गरेका थिए । नगरप्रमुख चौहान र उपप्रमुख ठाकुर एमालेबाट निर्वाचित हुन् ।

आजको कार्यक्रममा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै वडाध्यक्ष कानूले संरक्षण, दीर्घकालीन फोहोर व्यवस्थापन र वातावरण संरक्षण, बजार अनुगमन र व्यवस्थापन, पार्किङको व्यवस्था, महिला तथा दलित सशक्तीकरण, सुशासन पारदर्शिता, आधुनिक र प्रविधिमैत्री नगर विकास, नगर विकास समितिको कार्यलाई अगाडि बढाउने, धूलो बाटोलाई निरुत्साहित गर्दै ढलान तथा कालोपत्र सडकको अवधारणा अवलम्बन गरिनेलगायतका योजनाहरूलाई प्राथमिकतामा राखिएको बताए । यसैगरी, स्वास्थ्य, शिक्षा र कृषिमा बढी जोड दिइएको उनले बताए । उनले खानेपानी, विद्युत् पोल, ढल र सडकको स्तरोन्नति गरिनुका साथै प्रमुख सडकहरूलाई कम्तीमा ३० फिट फराकिलो गरिने नीति तथा कार्यक्रममा रहेको जानकारी गराए । उनले 'एक घर एक करेसाबारी'को अवधारणा अवलम्बन गर्ने बताए ।

पोखरिया नगरपालिकामा कैयन विकास निर्माण कार्यहरू भएका र अहिले नगरभरिका सडक हिलो नहुने अवस्थामा सुधार भएको दाबी गरे । उनले पोखरियाको विकासमा केही नेताहरूले अवरोध सिर्जना गरिरहेको आरोप लगाए । सबै पालिका सदस्यको सहयोग रहे पोखरियाको विकास आशा गरेभन्दा बढी हुने दाबी गरे ।

पोखरेश्वर महादेव मन्दिरको सभाहलमा भएको कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तव, संविधानसभा सदस्य रामेश्वर रौनियार, नेता नेजामुद्दीन समानी, अमलेश्वर मिश्र, कौशलकुमार झा, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले नगरसभा सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।

## ठोरी गापाको बजेट साढे ११ करोड घट्यो

माधव तिमिल्सिना, ठोरी, १० असार/

चालू आव २०८०/८१ को तुलनामा आगामी आव २०८१/८२ मा ठोरी महिला तथा बालबालिका र खानेपानीमा २५ प्रतिशत, पूर्वाधारतर्फ यातायात, भवन आवास तथा शहरी विकासमा ३० माध्यमको विद्यालय सुरुआत गरिने घोषणा गरेका थिए । यसैगरी, वडा नं २ को विकट गाउँ इच्छानगरमा स्वास्थ्य




गाउँपालिकाको बजेट झन्डै रु ११ करोड ४९ लाखले कम भएको छ । चालू आवमा रु ५८ करोड ५४ लाख बजेट रहेको ठोरी गापाले आगामी आवको लागि हिजो रु ४७ करोड पाँच लाख ३३ हजारको बजेट विनियोजन गरिएको घोषणा गरेको छ ।

ठोरी गापाको कार्यालय घ्याङडाँडामा आइतवार सम्पन्न ११औं गाउँसभामा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले आगामी आव २०८१/८२ को लागि रु ४७ करोड पाँच लाख ३३ हजारको बजेट विनियोजन गरिएको बताइन् । उनले आगामी आवमा आर्थिक विकासतर्फ कृषि, पर्यटन र जलस्रोत तथा सिंचाइमा ३० प्रतिशत, सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, प्रतिशत, सुशासनतर्फ अन्तरसम्बन्धित क्षेत्र विपत् व्यवस्थापनमा पाँच प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिकमा १० प्रतिशत हुनेगरी बजेट विनियोजन गरिएको बताइन ।

विनियोजन विधेयक अघि पर्सा जिल्ला समन्वय समितिकी सदस्य सुशीला विकको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा गापा अध्यक्ष लालबहादुर श्रेष्ठले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आगामी आवमा दूध उत्पादनलाई प्रोत्साहन गर्न अनुदान, एक वडा एक कृषि सहकारी, वडा नं ४ को मालीबस्तीमा मानवनिर्मित ताल, विद्यार्थी छात्रवृत्ति, प्रत्येक वडामा अङ्ग्रेजी चौकी, ठोरी कुष्ठरोग/टिबी रोग मुक्त घोषणा, नागरिकको खानेपानीमा पहुँच बढाउने, स्पोर्ट्स एकेडेमी स्थापना, विद्युत् नपुगेका गाउँमा विद्युत् लैजाने, अधूरो हुलाकी सडक निर्माणमा सङ्घीय सरकारको ध्यानाकर्षण गराउने, दुर्घटना न्यूनीकरणको लागि सडकमा सिसिटिभी जडानलाई निरन्तरता दिने, एक वडा एक उत्पादन कार्यक्रमलगायतलाई नीति तथा कार्यक्रममा समावेश गरिएको गापाध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रममा नेका ठोरीका सभापति सन्तोष श्रेष्ठ, एमालेका अध्यक्ष खगेन्द्र श्रेष्ठ, माओवादी केन्द्रका उपाध्यक्ष रोशन सुनारले गाउँसभा सफलताको शुभकामना व्यक्त गरेका थिए ।

## जीतपुरसिमराको नगरसभा दोस्रोपटक पनि स्थगित
## एमाले र काङ्ग्रेसका जनप्रतिनिधिले कुर्सी तोडे

प्रस, वीरगंज, १० असार/

जीतपुरसिमरा उपमहानगरको नगरसभा सोमवार पनि स्थगित भएको छ । असार ८ गते बोलाइएको असार ८ गतेको नगरसभा स्थगित भएपछि आज बोलाइएको नगरसभामा पनि गणपूरक सङ्ख्या पुग्न नदिन एमाले र नेका पक्षका जनप्रतिनिधिहरू पौडेल भने प्रहरी र नगरप्रहरीको घेराभित्र मोबाइलमा व्यस्त रहे । परिस्थिति प्रतिकूल भएपछि आजको नगरसभा पनि स्थगित गरेर उनी


तस्वीरः सौजन्य

नगरसभामा गणपूरक सङ्ख्या नपुगेको भनेर नगरप्रमुख राजन पौडेलले सो दिनको लागि स्थगित गरी आज नगरसभा आह्वान गरेका थिए ।

आज नगरसभाका लागि प्रमुख पौडेल नगर सभाहलमा प्रवेश गर्नासाथै एमाले र नेका पक्षीय जनप्रतिनिधिहरूले कुर्सी तोडफोड गर्न शुरू गरेका थिए । एमालेबाट निर्वाचित उपप्रमुख भोलाप्रसाद अधिकारीले १२५ सदस्यीय नगरसभामा २७ जना मात्रको सहभागितामा नगरसभा सञ्चालन गर्ने काम गरेर नगरप्रमुखले दुर्घटनालाई निम्तो दिएको आरोप लगाए । उनले नगरसभाको लागि कार्यपालिका बैठकबाट अनुमोदन नगरिएको र बहुमत सदस्यहरूलाई किनारा लगाइ नगरसभा गर्ने मूर्खतापूर्ण कार्य भएकोले सोको बर्खिलाप विद्रोहमा उत्रिएको बताए । बिहानदेखि छलफलमा थिए ।

तोकिएको समयमा नगरसभाको लागि नगरप्रमुख पौडेल नेपाल प्रहरी र नगर प्रहरीको घेरामा सभाहलमा प्रवेश गरेका थिए । उनको प्रवेशसँगै सभाहलमा कुर्सी तोडफोड शुरू भयो । नगरप्रमुख बाहिरिएका थिए । उपप्रमुख अधिकारी, वडाध्यक्षहरू धनबहादुर श्रेष्ठ, हरिदेव खरेल, कैयुद्दीन अन्सारी, सुनील गुप्तालगायतका जनप्रतिनिधिहरूले नगरप्रमुख मुर्दाबादको नारा लगाएका थिए । नगरप्रमुख पौडेल माओवादी केन्द्रबाट निर्वाचित हुन् ।

## दुईपटक स्थगित पर्सागढीको नगरसभा सम्पन्न

नरेश यादव, पर्सागढी, १० असार/

लगातार दुईपटक स्थगित भएको पर्सागढी नगरपालिकाको ११औं नगरसभा सोमवार सहमतिमा सम्पन्न भएको छ । दिन नगरसभा उद्घाटन कार्यक्रम सकिएपछि बहुमत सदस्यहरूले नगरसभा बहिष्कार गरेपछि स्थगित भएको थियो ।

आज पर्सागढी नपाको ११औं प्रदान गरिने, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रको विकासका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने बताए ।

यसैगरी नगरसभामा उपप्रमुख पूजा




असार ८ र ९ गते बोलाइएको नगरसभा गणपूरक सङ्ख्या नपुगेपछि स्थगित भएको थियो ।

आजको नगरसभा अघि नगरप्रमुख गोकर्ण पाठकले वडाध्यक्ष, सदस्य र कार्यपालिका सदस्यहरूसँग छलफल गरेर सहमति बनाएपछि सञ्चालनमा आएको हो । पर्सागढी नपामा ५० जना नगरसभा सदस्य छन्, जसमा २२ जना पक्ष तथा २८ जना विपक्षमा थिए । उनीहरूले चालू आवमा विनियोजित बजेटमा रु ५० लाख थप हुनुपर्नेलगायतका मागहरू राख्दै दुईपटक नगरसभा बहिष्कार गरेका थिए । पहिलो नगरसभामा नगरप्रमुख पाठकले आगामी आव २०८१/८२ को लागि नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरे । उनले नगरको समृद्धिको लागि जनप्रतिनिधि र नगरवासीसँग सहकार्य गरेर विकास निर्माण कार्य अगाडि बढाउने प्रतिबद्धता जाहेर गरे । यसैगरी, नगरमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निश्शुल्क सेनेटरी प्याड वितरणको व्यवस्था मिलाउने, पठनपाठनको वातावरण सहज बनाउने, स्वास्थ्य शाखाहरूलाई थप गुणस्तरीय बनाउने, गर्भवती महिलाहरूलाई थप सेवाहरू चौधरीले आगामी आवको लागि रु ५१ करोड ४७ लाखको बजेट प्रस्तुत गरिन् ।

कार्यक्रममा वडाध्यक्षहरू राजकपूर खवास, वीरेन्द्र चौधरी, सुकमान तामाङ, शेख खुर्सेद, नितेश मिश्र, नवलकिशोरप्रसाद कलवार, शङ्कर रायभर, सुनरीदेवी थरुनी, रामबढाई यादवलगायत वडा सदस्य र कार्यपालिका सदस्यहरू सहभागी थिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर चन्द्रवंशीले स्वागत र स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले सहजीकरण गरेका थिए ।

## सिम्रौनगढमा २०औं प्रप्रअ

प्रस, सिम्रौनगढ, १० असार/

सिम्रौनगढ नगरपालिकामा २०औं प्रमुख प्रशासकीय अधिकृतको रूपमा हरिओमप्रसाद जयसवाललाई सोमवार उपप्रमुख नजमु शेहरले कार्यालयमा स्वागत गरेकी छन् ।

२०७४ सालमा सिम्रौनगढ नपा सञ्चालनमा आएपछि जयसवाल २०औं प्रमुख प्रशासकीय अधिकृत भएर आएका हुन् । सात वर्षको अवधिमा १९ जना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् ।

उपप्रमुख, वडाध्यक्षहरूले प्रमुख प्रशासकीय अधिकृत जयसवाललाई स्वागत गर्दा नगरप्रमुख किशोरीप्रसाद जयसवाल लगायत केही वडाध्यक्षहरू भने अनुपस्थित रहे । उनीहरूको अनुपस्थितिले जयसवालको सेवा अवधि सिम्रौनगढ नपामा धेरै दिन नहोला भनी आकलन गरिँदैछ ।

### विचारसार र सुक्तिहरू

मानिस जन्मेको दुई वर्षमा बोल्न थाल्छ । तर के बोल्नुपर्छ भन्ने सिक्न पूरा जिन्दगी कम हुन्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# गर्मीको कहर जारी

मधेस प्रदेशमा गर्मी उपद्रो किसिमले बढ्ने क्रम जारी छ। बर्सेनि गर्मीले उपद्रो मच्याउँदै आएको छ तर यसपटक पछिल्ला सबै रेकर्ड ब्रेक गर्दै गर्मी बढेको महसूस गरिएको छ । गर्मी मधेस प्रदेशका आठ जिल्लासहित तराईका २२ जिल्लाको लागि नौलो होइन। तर केही वर्षदेखि देशका पहाडी जिल्लामा पनि गर्मी बढ्दो छ । गर्मीले अहिलेसम्म नसताएको हिमाली क्षेत्र मात्र हो। समयमा वर्षा नभएपछि गर्मी बढी महसूस हुन्छ र अहिले त्यस्तै भएको छ। वर्षा भएको भए गर्मी त्यत्तिको महसूस हुँदैन थियो । समयमा वर्षा नभएरै होला बितेका वर्षहरूको तुलनामा यस वर्ष सबैभन्दा बढी गर्मी भएको महसूस गरिंदैछ। बढ्दो गर्मीको कारण अहिले देशका विभिन्न स्थानमा जनजीवन प्रभावित भएका छन् । अत्यधिक गर्मीले तराई क्षेत्रको जनजीवन निकै प्रभावित भइरहेको छ। मौसम पूर्वानुमान महाशाखाले यस अघिदेखि नै यस वर्ष तुलनात्मकरूपमा अचाक्ली गर्मी बढ्ने भन्दै सतर्कता अपनाउन अनुरोध गर्दै आएको छ । गर्मी बढेको कारण घरबाहिर ननिस्कन, निस्कनै परे टाउकोमा कपडा राखेर निस्कन, सुतीको पातलो कपडा लगाउन र पानीलगायत झोलिलो पदार्थ प्रशस्त पिउन चिकित्सकहरूले सुझाउँदै आएका छन् ।

असारको दोस्रो साता चलिरहेको छ र यस अवधिमा पनि वर्षा हुन नसकेको कारण गर्मी घट्ने नामै लिइरहेको छैन । अहिलेसम्म मधेस प्रदेशका आठ जिल्लामा ४१ डिग्री सेल्सियससम्म तापक्रम मापन भइसकेको छ । पर्सामा पनि ४१ डिग्री सेल्सियससम्म तापक्रम मापन भएको र यो यहाँको लागि अहिलेसम्मकै उच्च हो। करीब ४५ डिग्री सेल्सियससम्म पुग्ने मौसम पूर्वानुमान महाशाखाको अनुमान छ। गत वर्ष यो अवधिमा अहिलेसम्मकै सबैभन्दा बढी ४३ डिग्री सेल्सियस तापक्रम मापन भएको महाशाखाले जनाएको छ। गर्मी बढेसँगै विभिन्न रोगका प्रकोप पनि बढ्न थालेका छन्। वर्षा नभएर बढ्दो गर्मीसँगै अस्पताल, स्वास्थ्य चौकीहरूमा बिरामीहरूको चाप बढ्ने क्रम जारी छ। यस अवधिमा बान्ता हुने, रिङ्गटा लाग्ने, ज्वरो लाग्ने, टाउको दुख्ने जस्ता रोगका प्रकोप बढेका चिकित्सकहरू बताउँछन्। प्रचण्ड गर्मी बढने क्रमसँगै पर्सा जिल्लाका विद्यालयहरू दुईपटक बन्द भए । करीब दुई दशक अघिसम्म गर्मीयाममा यहाँका विद्यालयहरू डेढ महीनाका बन्द हुन्थ्ये । यसैगरी, जाडोमा आधा महीना बन्द हुन्थ्ये । यसैगरी, गर्मी कम हुने र जाडो अत्यधिक हुने पहाड तथा हिमाली जिल्लामा भने चीसोमा डेढ महीना विद्यालय बन्द हुन्थ्यो । अहिले भने अत्यधिक गर्मी भएपछि र अत्यधिक चीसो भएपछि वार्षिक बिदाबाट कट्टा हुनेगरी बिदाको क्यालेन्डर बनाइएको छ ।

मौसम पूर्वानुमान महाशाखाले नेपालमा बर्सेनि जून १३ देखि मनसुन भित्रिने गरेकोमा यसपटक तीन दिनअगावै मनसुन भित्रिएको जनाएको छ। तर मनसुन अहिलेसम्म मधेस प्रदेशमा आइपुगेको छैन । मनसुन भित्रिएको करीब दुई साता पुग्न लागिसक्दासमेत मधेस प्रदेश र तराईका २२ जिल्लामा यसको कुनै असर नदेखिएको कारण गर्मीको कहर बढी नै रहेको छ। बादल लाग्ने र क्षणिक वर्षा हुने गरेकोले गर्मी झनै बढेको छ। जमीन भित्रैसम्म भिज्ने गरी एकाध घण्टा पनि मुसलधार पानी पर्न सकेको छैन । ५–१० मिनेट मात्र पानी पर्दा तातिएको जमीनबाट बाफ निस्केर जनजीवन झनै कष्टकर बनेको छ। यसबाट मुक्ति पाउनका लागि वर्षा जमेर हुनुको विकल्प देखिन्न ।

# लोकतान्त्रिक सर्वोच्चताको चिनारी

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**राजनीतिक शक्तिले राजनीतिक भाषण गर्नु स्वाभाविक भएपनि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यको कुनै अङ्गको कार्यमा हस्तक्षेप हुने किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरीकाले कसैले कुनै भूमिका निर्वाह गर्नुहुँदैन ।**

संसारमा अनेकौं किसिमका शासन व्यवस्था छन्, तर सबैभन्दा असल शासन व्यवस्थालाई लोकतान्त्रिक व्यवस्था मानिएको छ । जसलाई अर्को शब्दमा प्रजातान्त्रिक व्यवस्था पनि भनिन्छ । प्रजातन्त्रको थरीथरीका पुरातन तथा आधुनिक परिभाषा रहेपनि जनताको, जनताको लागि तथा जनताद्वारा गरिने शासन व्यवस्था लोकतन्त्र हो भन्ने मान्यता हालसम्म सार्थक देखिएको छ । यसर्थ जनताको सर्वोच्चता नै सच्चा लोकतन्त्र हो । जहाँ जनताको भावनालाई उच्च कदर गरिंदैन त्यहाँ लोकतान्त्रिक सर्वोच्चता छैन, भन्नैपर्छ। कुनै पनि नेता तथा शासकले आम जनताको चाहना विपरीत काम गर्छ भने त्यो जनताद्वारा गरिने शासनको भावनाविपरीत हुन्छ र त्यसले लोकतान्त्रिक सर्वोच्चतामा आँच आउँछ । जनताको सर्वोच्चता स्थापित गर्न बेलायतलगायत देशमा मात्र होइन, हाम्रो नेपालमा पनि पटकपटक जनताले बलिदान दिएको छ र जनताको बलिदानबाट नै राणाशासन, राजतन्त्र, संवैधानिक एकात्मक राजतन्त्रलगायत व्यवस्था हटाएर अहिले सङ्घीय गणतन्त्रात्मक व्यवस्था लागू छ, जसले संविधानतः जनताको शासन स्थापित गरेको छ । जनताको सर्वोच्चताको चिनारी दिएको छ तर व्यवहारतः जनचाहना पूरा हुन सकेको छैन । यो संविधान वा गणतन्त्रको दोष नभई शासन सञ्चालकको दोष हो । शासन सञ्चालक पनि जनताबाट नै चुनिने भएकोले जनताले चुनावमा असल प्रतिनिधि छान्न असफल भएको भन्नुपर्छ । जसलाई सच्याउन संविधानले आवधिक निर्वाचनमार्फत अवसर दिएको छ । यसर्थ जनताले आगामी चुनावमा आफ्नो कमजोरी सुधार्ने काम गर्नुपर्छ भने नेताले पनि आगामी निर्वाचनलाई ध्यानमा राखेर जनमैत्री भूमिका निर्वाह गर्नुपर्छ। यसले गर्दा लोकतान्त्रिक सर्वोच्चता बलियो रहन्छ ।

प्रजातन्त्रको जननीको रूपमा स्थापित बेलायतको संसद्लाई सबैभन्दा शक्तिशाली मानिन्छ। जसले पुरुषलाई स्त्री र स्त्रीलाई पुरुष बनाउनेबाहेक सबै काम गर्ने अधिकार राखेको हुन्छ। त्यहाँकी रानी राष्ट्राध्यक्ष भएपनि संसद्भन्दा बलियो छैन । अमेरिकाको संसद्भन्दा त्यहाँका राष्ट्रपति बलिया छन्, जसले संसद्ले पारित गरेको कानूनलाई अमान्य बनाउने अधिकार राख्दछन् । सन् १२१५ को म्याग्नाकार्टाको सिद्धान्तले बेलायतमा अलिखित संविधानको आवश्यकता पूर्ति गऱ्यो र त्यही सिद्धान्त विश्वमा सविधानको मार्गदर्शक बन्यो । त्यही सिद्धान्तले नागरिक अधिकारको विकासमा टेवा पुऱ्यायो । बेलायतको म्याग्नाकार्टाभन्दा पहिले विश्वमा लिखित संविधान थिएन। म्याग्नाकार्टाकै सिद्धान्त पछि अमेरिकालगायत मुलुकले संविधान बनाउन थाले भने अहिले विश्वभरि संविधान तत्तत् देशको मूल कानून बनेको छ । अहिले कुनै मुलुक संविधानविहीन छैन। यो कुरा संवैधानिक विकास क्रमको इतिहासले प्रस्ट पारेको छ । त्यही सिद्धान्तले जनप्रतिनिधिको महत्त्व मात्र बढाएन, जनताको प्रतिनिधि संसद्लाई कानून निर्माताको रूपमा राख्यो । जनप्रतिनिधिले बनाएको कानूनबेगर जनतासँग कर लिन नमिल्ने सिद्धान्त पनि कायम भयो जुन अहिले विश्वभरि प्रख्यात छ। जनता सर्वेसर्वा हुने चिनारी संसद्को सर्वोच्चताबाट नै स्थापित भयो ।

वास्तवमा राज्यको तीन अङ्गमध्ये सबैभन्दा बलियो एवं जनतासँग एकदमै नजीक रहेको संस्था संसद् नै हो। जसको सर्वोच्चताले जनताको सर्वोच्चता अर्थात् वास्तविक प्रजातन्त्रको प्रत्याभूति दिन्छ। संसद् सर्वोच्च छैन भने जनताको अधिकार खोसिन सक्छ। यही सर्वोच्चता नरहेको कारण २०१७ सालमा राजाले निर्वाचित संसद् विघटन गरी, निर्वाचित सरकार अपदस्थ गरी शासन आफ्नो हातमा लिई पञ्चायती व्यवस्था लागू गरे । जसलाई हटाउन तीस वर्ष सङ्घर्ष गर्नुपऱ्यो र २०४७ सालमा संसदीय सर्वोच्चता सहितको संविधान आयो, जुन नेपाली जनताको लागि ठूलो अवसर थियो, तर हाम्रा नेताहरूको अदूरदर्शिताले लामो समय चल्न सकेन ।

सर्वोच्च संसद्लाई प्रधानमन्त्रीले विघटन गर्दा अदालतमा मुद्दा पऱ्यो र अदालतको फैसला अन्तिम भयो । मनमोहन अधिकारी प्रधानमन्त्री भएको बेला पनि संसद् विघटन भयो जसको अन्तिम निर्णय अदालतबाट नै भयो । दुई वर्षको संविधानसभाको कार्यकाल बढाउने विषयमा पनि अदालतले नै निर्णय गर्नुपऱ्यो। जसबाट संसदीय सर्वोच्चतालाई नेताहरूले न्यायिक सर्वोच्चतामा रूपान्तरण गरे। यसबाट आफैंले बनाएको संविधान आफैंले कायम राख्न नसकेको देखियो ।

त्यही इतिहासको पुनरावृत्ति गणतन्त्रात्मक शासनमा पनि भयो। केपी ओली प्रधानमन्त्री भएको बेला दुईपटक संसद् विघटन भयो तर अदालतको फैसलाले पुनः यथावत रह्यो । यसले गर्दा मुलुकमा संसदीय सर्वोच्चता छ कि न्यायिक सर्वोच्चता छुट्याउन कठिन भएको छ। धारा ७६ को उपधारा १,२ बाहेक उपधारा ३,४ को अवस्थामा मात्र प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने अधिकार छ, बहुमत प्राप्त भएर मात्र प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने अधिकार छैन । विगतको अभ्यास हेर्दा मन्त्रिपरिषद्ले दुई वर्ष अगावै संसद् विघटनको सिफारिश गर्ने र संविधानको संरक्षकको संवैधानिक कर्तव्य भएका अभिभावकले एकपटक पुनर्विचार गर्ने अवसर पनि नदिएर सर्वोच्च संसद् विघटन गर्ने जुन निर्णयहरू भएका छन्, त्यसले संवैधानिक अभ्यासमा त्रुटि देखाउँछ ।

संसद् नै स्वतन्त्र एवं खतरामुक्त रहेन भने नागरिक कसरी स्वतन्त्र एवं खतरामुक्त रहन सक्छ, विचारणीय प्रश्न हो । यसले वर्तमान परिवर्तन पनि खतरामुक्त छ भन्न सकिंदैन । यस्तो अवस्था आउनु राजनीतिक दलहरूको असफलता हो भने नागरिकको पनि असफलता हो। नागरिकको असफलता यस कारण हो कि पटकपटक धोखा खाएर पनि नागरिकले सक्षम नेता चुन्न सकेन । जसले जानीजानी आफ्नै नागरिकसँग विभेद गऱ्यो उसैलाई विश्वास गऱ्यो । जस्तो बीउ रोपिन्छ बाली पनि त्यस्तै हुनु अस्वाभाविक होइन। यसर्थ अब उप्रान्त सचेत हुनैपर्छ। अर्को दुर्भागय के छ भने संविधानले राज्यको तीन अङ्गमध्ये न्यायपालिकालाई स्वतन्त्र स्थापित गरेको छ। जुन आवश्यक पनि छ। अदालतमा परेको मुद्दामा अदालतले स्वतन्त्र भएर न्याय दिने व्यवस्था छ तर अदालतमा विचाराधीन मुद्दाको सनदर्भमा आफ्नो पक्षमा फैसला होस् भनेर खुला मञ्चबाट भाषण दिइन्छ। यद्यपि त्यस्ता कुराबाट न्यायलयको फैसला प्रभावित हुने गरेको छैन । अदालतबाट भएको फैसला सबैले पालन गर्नुपर्ने संवैधानिक कर्तव्य तोकिएको छ, तर पनि अदालतको निर्णयविरुद्ध बोल्ने गरिन्छ । जुन संविधानको मर्म मुताबिक छैन। यद्यपि जनताको अन्तिम आस्थाको केन्द्र अदालत नै छ।

सरकारले जनताको मौलिक हक पूरा नगर्दा अदालत नै जानुपरेको छ भने संसद्ले आवश्यक कानून निर्माण नगर्दा अदालत नै जानुपरेको छ। हरेक क्षेत्रबाट हरेस खाएपछि जनता अदालतमा नै जानु परेकोले अदालत जनताको अन्तिम आस्थाको केन्द्र बनेको छ । जसको स्वतन्त्रता कायम राख्न सबै नागरिकको कर्तव्य हो। यसर्थ अदालतमा विचराधीन मुद्दाबारे टीका–टिप्पणी गर्नुभन्दा अदालतको फैसला आउन्जेल धैर्य गर्नुपर्छ। अदालतको फैसला कुर्नुपर्छ। राजनीतिक शक्तिले राजनीतिक भाषण गर्नु स्वाभाविक भएपनि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यको कुनै अङ्गको कार्यमा हस्तक्षेप हुने किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरीकाले कसैले कुनै भूमिका निर्वाह गर्नुहुँदैन । सन्तुलन र नियन्त्रणको सिद्धान्तले पनि यही कुराको समर्थन गर्छ। संविधानले संसदीय सर्वोच्चताको स्थापना गरेपनि व्यवहारले न्यायिक सर्वोच्चता पुष्टि गरेको छ । जुन विरोधाभास हो।

# काठमाडौं महानगरको रु २५ अर्ब ७० करोडको बजेट

काठमाडौं, १० असार/रासस

काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को लागि रु २५ अर्ब ७० करोड ६३ लाख २५ हजार बराबरको बजेट सार्वजनिक गरेको छ । उपप्रमुख सुनीता डङ्गोलले सोमवार भएको १५औं नगरसभाको बैठकमा आगामी आवका लागि वार्षिक बजेट पेश गरेकी हुन्।

महानगरले पूर्वाधार विकास क्षेत्रका लागि सबैभन्दा धेरै रु १४ अर्ब ८१ करोड ५१ लाख ५१ हजार बजेट विनियोजन गरेको छ। जुन कुल बजेटको ६१ दशमलव २० प्रतिशत हो । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रका लागि रु तीन अर्ब ४९ करोड ४५ लाख २९ हजार र सामाजिक विकास क्षेत्रका लागि रु तीन अर्ब ८१ करोड ३६ लाख १५ हजार बजेट प्रस्ताव गरिएको छ ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि रु एक अर्ब ८९ करोड २१ लाख र स्थानीय सञ्चित कोषबाट खर्च हुनेगरी रकममध्ये आर्थिक विकास क्षेत्र अन्तर्गतका कार्यक्रमका लागि रु १९ करोड नौ लाख प्रस्ताव गरिएको छ ।

महानगर गौरव र स्वर्णिम योजनाका लागि रु पाँच अर्ब ८० करोड बजेट विनियोजन गरिएको छ । उपप्रमुख डङ्गोलले विगतका कार्यक्रमलाई निरन्तरता तथा थप एक गरी ११ वटा गौरवको आयोजनाका लागि रु तीन अर्ब ८० कारेड बजेट विनियोजन गरिएको जानकारी दिइन्।

त्यसैगरी, कपडा बैंक, पोखरी मर्मत तथा सम्भार, फोहरबाट मल र महानगर होमस्टेलाई थप गरी ३० वटा स्वर्णिम योजना प्रस्ताव गरिएको छ । त्यसका लागि रु दुई अर्बको बजेट प्रस्ताव गरिएको छ ।

### पोखरा महानगरपालिकाको रु सात अर्ब ५१ करोडको बजेट

पोखरा महानगरपालिले आर्थिक वर्ष २०८१/८२ का लागि रु सात अर्ब ५१ करोड ३२ लाख ८३ हजार बराबरको बजेट प्रस्ताव गरेको छ । महानगरको आज बसेको १५औं नगरसभामा उपप्रमुख मञ्जुदेवी गुरुङले बजेट प्रस्तुत गर्दै सङ्घीय सरकार अनुदानबाट रु चार अर्ब २० करोड २२ लाख एक हजार, प्रदेश सरकार अनुदानबापत रु नौ करोड ६३ लाख ८१ हजार, आन्तरिक आयबाट एक अर्ब ५५ करोड ५१ लाख ४० हजार बेहोरिने जानकारी दिइन्।

त्यस्तै, सङ्घीय राजस्व बाँडफाँटबाट रु ३८ करोड ३३ लाख ७५ हजार र प्रदेश राजस्व बाँडफाँटबाट रु नौ करोड ७२ लाख २० हजार बेहोरिने बजेट वक्तव्यमा उल्लेख छ। स्थानीय राजस्व बाँडफाँटबाट रु एक अर्ब १२ करोड ८६ लाख ६१ हजार र रोयल्टी बाँडफाँटबाट रु ५४ लाख २४ हजार प्राप्त हुने अनुमान गरिएको छ। नगर विकास कोष ऋण रु चार करोड ४८ लाख ८० हजार रहने उल्लेख छ।

बजेट अन्तर्गत शिक्षा, खेलकूद तथा युवा र प्रज्ञा–प्रतिष्ठानसम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु एक अर्ब ६५ करोड, स्वास्थ्यमा रु ३५ करोड, पर्यटन तथा शहरी विकास कार्यक्रम सञ्चालनका लागि रु ५६ करोड, सामाजिक विकास अन्तर्गत लक्षित वर्गतर्फ रु छ करोड र संस्थागत विकासका लागि रु दुई करोड विनियोजन गरिएको उपप्रमुख गुरुङले बताइन्।

### ललितपुर महानगरको बजेट रु सात अर्ब ४६ करोड

ललितपुर महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को लागि रु सात अर्ब ४६ करोड ८३ लाख ९२ हजारको बजेट नगरसभामा पेश गरेको छ।

महानगरको पाँचौं नगरसभाको तेस्रो बैठकमा उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले गत असार ५ गते प्रस्तुत नीति तथा कार्यक्रममा आधारित गरेर बजेट प्रस्तुत गरेकी हुन्।

"स्रोतको व्यवस्थापनतर्फ सङ्घीय सरकारबाट रु एक अर्ब ३२ करोड ८० लाख र बाग्मती प्रदेश सरकारबाट रु २२ करोड ९२ लाख ९२ हजार प्राप्त हुने अनुमान गरिएको छ। आन्तरिक स्रोतबाट रु तीन अर्ब ५५ करोड ९६ लाख सङ्कलन हुने अनुमान गरिएको छ," उनीद्वारा प्रस्तुत वार्षिक बजेटमा उल्लेख गरिएको छ।

बजेट प्रस्तुत गर्दै उपप्रमुख शाक्यले संस्थागत सुदृढीकरण र सुशासन, दिगो पूर्वाधार तथा सहरी विकास, कला, संस्कृति, सम्पदा संरक्षण र सम्वर्द्धन, सुलभ आधारभूत स्वास्थ्य सेवा र नगरवासीको जीवनरक्षा, रोजगारमूलक एवं स्तरीय आधारभूत शिक्षालाई प्राथमिकता राखिएको बताइन्।

त्यस्तै, लैङ्गिक समानता, महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण, स्थानीय सहकारी तथा उद्यम व्यवसायको प्रवर्द्धन र विकास, पर्यटन क्षेत्रको प्रवर्द्धन, अपाङ्गतामैत्री व्यवहार र व्यवस्था, युवा तथा खेलकूद, बालमैत्री व्यवहार र व्यवस्था, विपद् जोखिम न्यूनीकरण र उद्धार, रोजगार प्रवर्द्धन र गरीबी न्यूनीकरणलगायतलाई समेत प्राथमिकतामा राखिएको उनले जानकारी गराइन्।

महानगरले चालू आर्थिक वर्षका लागि गत वर्ष रु छ अर्ब ५० करोड पाँच

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# डेङ्गुबारे सफाइकर्मीहरूलाई सचेतना

प्रस, वीरगंज, १० असार/

स्वास्थ्य कार्यालय पर्साको सहयोगमा वीरगंज महागरपालिकाको समन्वयमा सोमवार लामखुट्टेको टोकाइबाट हुने डेङ्गु लगायतका रोगबाट जोगिन अवलम्बन गर्नुपर्ने कार्यका बारेमा सफाइकर्मीहरूलाई सचेतना गराइएको छ।

महानगरपालिकाको तालीम केन्द्रमा सोमवार आयोजित सचेतना कार्यक्रममा जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर र महानगरका स्वास्थ्य महाशाखाका अधिकृत सुमन ठाकुरले लामखुट्टेको टोकाइबाट हुने रोगहरू र सोबाट जोगिनका लागि सफाइकर्मीहरूको भूमिकाबारेमा जानकारी गराएका थिए। उनीहरूले स्थिर अवस्थामा रहेको पानी जस्तै पोखरी, निकास नभएको नाला, घरको गमला, कुलरको पानी, एसीको पानी, घरको बाल्टिनमा दुई दिनभन्दा बढी समयसम्म राखिएको पानी, टायर, टीनका डब्बाहरूमा जमेको पानीमा डेङ्गु फैलाउने लामखुट्टेको विकास हुने बताएका थिए। यस प्रकारका सूचकहरूमध्ये सफाइकर्मीहरूले आफ्नो क्षेत्र अन्तर्गत पर्ने घरबाहेकमा स्प्रे गर्दा मापदण्ड अनुसारको औषधि र पानीको प्रयोग गर्न सुझाए। उनले हाल महानगरको वडा नं १ देखि १६ सम्मलाई लक्षित गरेर स्वास्थ्य कार्यालयले स्प्रे मेशीन १६ थान र एक हजार डब्बा बिटिआई औषधि वितरण गरिएको बताए। स्वास्थ्य अधिकृत जयमोद ठाकुरले यो औषधि प्रत्येक १५ दिनमा छर्न सुझाव दिए। उनले तत्काल चार महीनाका लागि औषधि उपलब्ध गराएको र आवश्यकता परेको खण्डमा थप पाँच सय डब्बा उपलब्ध गराउने बताए। उनले डेङ्गुजनित लामखुट्टे चार फिटभन्दा माथि उड्न नसक्ने, चलायमान र फोहर पानीमा विकसित नहुने जानकारी गराए।

वीरगंज महानगरपालिका सरसफाइ महाशाखाका प्रमुख सर्फुद्दीन मियाँले पानी परेको बेला लामखुट्टेहरू सक्रिय हुने बताए। उनले अहिले लार्भा बन्ने बेला हो र यही बेला लामखुट्टेविरुद्धको अभियान सञ्चालन गर्दा लाभदायक हुने बताए। प्रमुख मियाँले यसअघि फगिङ प्रणालीबाट महानगरपालिकाले लामखुट्टेविरुद्धको अभियान सञ्चालन गर्दा पाँच प्रतिशत मात्र सफलता पाउने गरेकोले यो वर्षदेखि फगिङ कार्य बन्द गरिएको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका पूर्वअध्यक्ष शत्रुघ्न नेपालले महानगरको सफाइ विगत दुई वर्षयता सराहनीय भएको बताए। उनले अहिले वीरगंज आउने जोकोहीले यस अघिको भन्दा सरसफाइ निकै राम्रो भएको चर्चा गर्ने गरेको बताए।

कार्यक्रममा महानगरका १६ वटा वडाका नाइके र सफाइकर्मीहरूको सहभागिता थियो।



**सिंजा उपत्यका**: नेपाली खस भाषाको उद्गमस्थल जुम्लाको कनकासुन्दरी गाउँपालिकास्थित सिंजा उपत्यका।
तस्बिरः विजय रावत/रासस

# विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, १० असार/

उपकार सेवा नेपालले वीरगंज महानगरपालिका-९ गोश्वारा रोडस्थित नेपाल रेलवे माविका विद्यार्थीहरूलाई स्कूल ब्यागसहित शैक्षिक सामग्री सहयोग गरेको छ।



रेलवे माविमा शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ३२८ जना विद्यार्थीमध्ये अतिविपन्न १२७ जनालाई सोमवार स्कूल ब्याग, कपी, पेन्सिल, इरेजर, कटर र जुत्ता वितरण गरिएको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए। संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले विद्यार्थीहरूलाई सो सामग्री वितरण गरेकी थिइन्।

कार्यक्रममा प्रधानाध्यापक प्रभुप्रसाद रौनियार, शिक्षकहरू मनोज यादव, सचितानन्दलाल कर्ण, किरण सिंह, उषा पाण्डे, संस्थाकी पदमादेवी सरावगी लगायतको सहभागिता थियो।

# कटुवा पेस्तोलसहित भारतीय युवक पक्राउ

प्रस, रौतहट, १० असार/

कटुवा पेस्तोलसहित सशस्त्र प्रहरीले एकजना भारतीयलाई पक्राउ गरेको छ। भारत सीतामढी जिल्ला बैरगनिया-३ असोगी बस्ने २१ वर्षीय युवक राहुल रामलाई सशस्त्र प्रहरीले कटुवा पेस्तोलसहित पक्राउ गरी आफूलाई जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

सोमवार राति साढे १२ बजे नेपाल-भारत सीमा रहेको गौर नगरपालिका-२ महादेवपट्टिबाट सशस्त्र प्रहरीको टोलीले भारतीय युवक रामलाई पक्राउ गरेको थियो। भारतीय नम्बरको मोटरसाइकलबाट नेपालतर्फ आएका रामलाई चेकजाँच गर्दा मोटरसाइकलको टूल बक्समा लुकाएर राखेको अवस्थामा कटुवा पिस्तोल बरामद भएको सशस्त्र प्रहरीले दाबी गरेको छ।

पक्राउ परेका रामलाई आवश्यक कारबाहीका लागि जिप्रका, रौतहटको जिम्मा लगाएको सशस्त्र प्रहरीले जनाएको छ।

# विद्यार्थीहरूलाई स्वास्थ्य सचेतना

प्रस, वीरगंज, १० असार/

नेशनल मेडिकल कलेजमा अध्ययनरत एमबिबिएस अध्ययनरत विद्यार्थीहरूले बाराको इटियाहीस्थित नेपाल राष्ट्रिय माविमा अध्ययनरत विद्यार्थीहरूलाई स्वास्थ्यसम्बन्धी सचेतना गराएका छन्। अमित चन्दको नेतृत्वमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई हिट स्ट्रोक, मानसिक स्वास्थ्य, महीनावारी स्वचछता, सर्पदंशसम्बन्धी प्राथमिक उपचार, लागूपदार्थ दुरुपयोग, रक्तदान सम्बन्धमा सचेतना गराएका थिए।

कार्यक्रममा एमबिबिएसमा



अध्ययनरत दीपक जोशी, सुदीप यादव, सर्वोच्च बराल क्षेत्री, शेम्फुङ्मा इङ्नाम, लुनिभा जोशी, रिया राजवंशी, अनुष्का प्रधान, प्रतीक्षा रानालगायतको सहभागिता थियो।

# भदौ मसान्तसम्म राष्ट्रिय परिचयपत्र बनाए साउनदेखिकै भत्ता पाइने

काठमाडौं, १० असार/रासस

सरकारले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएका २८ जिल्लामा आगामी भदौ मसान्तसम्म परिचयपत्र नम्बर प्राप्त गरी लाभग्राही परिचयपत्र नवीकरण गरेमा साउन १ गतेदेखिकै भत्ता उपलब्ध गराउने भएको छ।

गृह मन्त्रालयले सोमवार विज्ञप्ति जारी गर्दै बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति, अशक्त, असहाय र ९० वर्षमाथिका ज्येष्ठ नागरिकलाई भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक नपर्ने भएकाले आफूलाई अनुकूल समयमा सेवा लिनसमेत अनुरोध गरेको छ। सरकारले आगामी साउन १ गतेदेखि झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, रौटहट, सर्लाही, काठमाडौं, भक्तपुर, ललितपुर, सिन्धुली, मकवानपुर, चितवन, कास्की, तनहुँ, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर जिल्लाका लाभग्राहीलाई भत्ता बुझ्न राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो।

उक्त निर्णयपश्चात् जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने सेवाग्राहीको घुइँचो लाग्ने गरेको छ। ज्येष्ठ नागरिक तथा अशक्त व्यक्तिलाई सेवा लिन असहज भएको जनगुनासो व्यापकरूपमा सुनिएसँगै उक्त व्यवस्था मिलाइएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। ज्येष्ठ नागरिक र अशक्तलाई लक्षित गरेर सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सकभर वडास्तरमा नै विवरण सङ्कलनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी परिचयपत्रको दर्ता प्रक्रियामा आवश्यक सहजीकरण गरिदिन सबै स्थानीय तहलाई अनुरोधसमेत गरेको छ।

सेवाग्राहीलाई सहजरूपमा सेवा उपलब्ध गराउने उद्देश्यले पहिलो चरणमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएका

(बाँकी अन्तिम पातामा)

# पर्सामा चारवटा पालिकाको सभा भएन

प्रस, पोखरिया, १० असार/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये असार १० गतेसम्म चारवटा पालिकामा सभा हुन सकेन। यसपटक सबैभन्दा पहिले वीरगंज महानगरपालिकाले नगरसभा सम्पन्न गऱ्यो।

तोकिएको मितिमा नगरसभा हुन नसक्ने अनुमानका साथ महानगरले यसपटक असार ८-१० गतेसम्म तीन दिन नगरसभाको मिति तोकेको थियो। तर असार ८ गते एकै दिनमा सभा सम्पन्न भयो। पर्सागढी नपाको नगरसभा तेस्रो दिन सफल भयो। असार ८ गते उद्घाटन सत्र सकिएपछि स्थगित नगरसभा भोलिपल्ट असार ९ गते पनि स्थगित भयो र असार १० गते सम्पन्न भयो।

अहिलेसम्म वीरगंज महानगर, पर्सागढी र पोखरिया नगरपालिका, ठोरी, जीराभवानी, कालिकामाई, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुर, पकाहामैनपुर गरी १० वटा पालिकाको सभा सम्पन्न भएको छ। यसैगरी, बहुदरमाई नगरपालिका, विन्ध्यवासिनी, धोबिनी र छिपहरमाई गापाको सभा हुन सकेको छैन।



**मन्त्रिपरिषद् बैठकः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सोमवार बसेको मन्त्रिपरिषद्को बैठकमा सहभागी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, मन्त्रिगणलगायत। तस्बिरः प्रदीपराज वन्त/रासस

**काठमाडौं महानगरको ...**

लाख ८८ हजार बजेट विनियोजन गरेको थियो।

## भरतपुर महानगरको बजेट रु छ अर्ब ५५ करोड

भरतपुर महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु छ अर्ब ५५ करोड ८५ लाख ९८ हजारको बजेट पेश गरेको छ। महानगरपालिकाको नगरसभा तथा १५औं अधिवेशनमा उपप्रमुख चित्रसेन अधिकारीले बजेट पेश गरेका हुन्। आगामी आवको बजेट चालू आवको भन्दा रु २४ करोड छ लाख आठ हजारले बढी हो।

कुल बजेटमा रु एक अर्ब ८० करोड आन्तरिक आय हुने अनुमान छ। प्रस्तुत बजेटमा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु दुई अर्ब चार करोड ६३ लाख ३१ हजार, सङ्घ राजस्व बाँडफाँटबाट रु ३२ करोड ४७ लाख तथा बाग्मती प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रु २५ करोड ७५ लाख ६७ हजार गरी जम्मा रु ५८ करोड २२ लाख ६७ हजार, जनसहभागिता र श्रमदानबाट रु ५० करोड, बैंक मौज्दात रु एक अर्ब ६० करोड, सडक बोर्ड नेपालबाट रु तीन करोड रहने प्रक्षेपण गरिएको छ।

बजेट प्रस्तुत गर्दै अधिकारीले सामाजिक सुरक्षालगायत अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित रु एक अर्ब ३० करोड रहने प्रक्षेपण गरिएको बताए। जसलाई अन्तरसरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने उल्लेख छ।

चालू आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी गर्न बाँकी रहेका र क्रमागत एवं बहुवर्षीय ठेक्का भएका योजना समयमैं सम्पन्न गर्नको लागि रु एक अर्ब ६० करोड बजेट विनियोजन गरिएको छ। हरेक वडाको सन्तुलित विकासका लागि दुई प्रकारबाट वडास्तरीय सिलिङ निर्धारण गरिएको उनले बताए। वडालाई न्यूनतम रु दुई करोड ७४ लाख २८ हजार र अधिकतम रु दुई करोड ९० लाख दुई हजार गरी जम्मा वडास्तरीय आयोजनामा रु ८२ करोड बजेट विनियोजन गरिएको उनले बताए।

महानगरपालिकाका ठूला तथा रणनीतिक महत्त्व तथा गौरवका पूर्वाधार निर्माण गर्न एवं सङ्घीय र बाग्मती प्रदेश सरकारबाट प्रस्ताव भएका समपूरक र विशेष अनुदान अन्तर्गत योजनाको कार्यान्वयनका लागि समपूरक साझेदारी कोष स्थापना गरी कार्यान्वयनमा ल्याउन रु १२ करोड बजेट विनियोजन गरिएको छ।

## विराटनगर महानगरको साढे तीन अर्बको बजेट

विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को लागि रु तीन अर्ब ४९ करोड ९८ लाख ८६ हजार बराबरको बजेट सार्वजनिक गरेको छ। आज आयोजित नगरसभाको १४औं अधिवेशनमा उपप्रमुख शिल्पानिराला कार्कीले बजेट प्रस्तुत गरेकी हुन्।

बजेटमा आयतर्फ वित्तीय समानीकरण अनुदानमा सङ्घीय सरकारबाट रु ३२ करोड ६६ लाख र प्रदेश सरकारबाट रु दुई करोड ४९ लाख २९ हजारको अनुमान गरिएको छ। साथै राजस्व बाँडफाँटमध्ये मूल्य अभिवृद्धि करबाट रु १६ करोड ११ लाख ७६ हजार १२६, अन्तःशुल्कबाट रु पाँच करोड ८५ लाख ४१ हजार २७९ आय हुने अनुमान गरिएको छ।

यस्तै, वन रोयल्टीतर्फ रु पाँच लाख ८२ हजार ५९५, घरजग्गा रजिस्ट्रेशन दस्तुरबाट रु ५६ करोड ७९ लाख २८ हजार, सवारीसाधन करबाट रु तीन करोड ८७ लाख एक हजार र मनोरञ्जन तथा विज्ञापन करबापत रु एक करोड, आन्तरिक आयतर्फ रु एक अर्ब १० करोड ८६ लाख ८५ हजार तथा नगद मौज्दात रु २५ करोड अनुमान गरिएको छ।

यसैगरी, सङ्घीय सरकार सशर्त अनुदान रु ८० करोड ७७ लाख, विशेष अनुदान रु सात करोड ५० लाख समपूरक अनुदान रु एक करोड १० लाख, प्रदेश सरकार सशर्त अनुदानतर्फ रु तीन करोड ९० लाख ४३ हजार र प्रदेश सरकार समपूरक अनुदान रु दुई करोड गरी कुल रु तीन अर्ब ४९ करोड ९८ लाख ८६ हजार आय हुनेगरी अनुमान छ।

व्ययतर्फ सञ्चालन तथा प्रशासनिक खर्च रु ५९ करोड, ऋणको साँवाब्याज भुक्तानी रु पाँच करोड, चालू आवको चालू खर्चतर्फको दायित्व भुक्तानी रु तीन करोड ३४ लाख ८३ हजार, समपूरक कार्यक्रम रु छ करोड १० लाख, वडास्तरीय योजनातर्फ रु ४३ करोड तीन लाख १२ हजार खर्च हुने अनुमान छ।

# असारे गीतमा झल्किएको कृषि समाज

विचार



रामगणि सिटौला

**वर्षा ऋतुमा चल्ने ऋतुकालीन र श्रमगीतमा स्थानीय प्राकृतिक वातावरण र किसानका मनोदशाको चित्र पाउँछौं । जब असारे गीतभित्र प्रवेश गर्छौं, तब कृषि समाजको परिवेश, कृषि सामग्री, कृषि समाजको हर्षबिस्मात, आपत्‌विपत्, प्रेम, बिछोड, रमाइलो ठट्टा, हासपरिहास आदिको झल्को पाउँछौं ।**

असारै खाउँला दुधिला मकै
साउनै खाउँला खीर
घरमा छैन शीतलु वचन
मनमा छैन स्थिर

– – –

गैह्री खेतको मार्सी चामल पिसेर कसार

सुनको झ्याली उघारी हेर्दा लागेछ असार

जब असारको आगमन हुन्छ, सर्वत्र असारे लोकगीत गुञ्जिन थाल्छ । यस्ता लोकगीत समाजको आत्माको उज्ज्वल प्रतिविम्ब हो । यसमा मानवजीवनको जन्मदेखि मृत्युसम्मका संस्कार जोडिएका हुन्छन् । कुनै पनि देशको लोकगाथा, लोकगीत त्यो देशको सभ्यता, संस्कृति, लोकमानसको भावना, राग, द्वेष, हर्ष, बिस्मात आदिको साझा दर्पण हो ।

जबदेखि मानिसहरू समूहमा बस्न थाले, तबदेखि तिनमा चेतनाको विकास भयो र मनका भावना व्यक्त गर्न लोकगीत जन्मिए । लोकगीत वा गाथा आमजनजीवनको भावनाको उन्मुक्त स्थिति हो, जसमा अधिक मौलिकता भेटिन्छ । समाजमा शोषक र शोषित दुवै वर्गका आआफ्नै भाषा छ । शिक्षाको पहुँच पुगेका शोषक वर्गले शास्त्रीय साहित्यमार्फत आफ्ना अभिव्यक्ति उजागर गर्छ । जुन वर्ग निरक्षर छ, शिक्षाको अवसरबाट वञ्चित छ र थिचोमिचोमा परेको छ, त्यसका अभिव्यक्ति लोकगीत बनेर उजागर भएका छन् । लोकसाहित्यमा ती समस्त बोली र भाषागत अभिव्यक्ति हुन्छन्, जसमा आदिम संस्कृतिको अवशेष हुन्छ ।

सहज अभिव्यक्ति क्षमता र सङ्क्षेपीकरणका कारण लोकसाहित्यले सधैं शास्त्रीय साहित्यलाई टक्कर दिइरहेको हुन्छ । प्रायः शास्त्रीय साहित्य सत्ता, वैभव, शक्तिसम्पन्न वर्गीय व्यवस्थाका पक्षधरद्वारा पालितपोषित हुन्छ भने लोकसाहित्य आमजनताका जीवन जिउँदा भोगेको सङ्घर्ष, अनुभव, उहोपोह, आरोह–अवरोह सहज र सरलताले परिपूर्ण हुन्छ । लोकगीत प्रकृतिको सुरम्य वातावरणमा रचिएको हुन्छ । यसमा जीवनको यथार्थ हुन्छ, सादगी र सादापन हुन्छ । प्रेम, निष्ठा हुन्छ, इमानदारी हुन्छ, दुःखपीडा हुन्छ, दुःखसँग जुझ्ने सङ्कल्प हुन्छ । मूलतः लोकको उदात्त चरित्र हुन्छ, जुन शिष्ट साहित्यमा दुर्लभ हुन्छ ।

लोकसाहित्यले बहुसङ्ख्यकको भावनाको प्रतिनिधित्व गरेको हुन्छ । जनसाधारणद्वारा निर्मित लोकगीत देश, काल र परिस्थितिको चित्रण गर्दै प्रचलनमा आएको हुन्छ, गेयात्मकरूपमा एक स्थानबाट अर्को स्थानमा फैलिंदै गएको हुन्छ । कतिले लोकगीतलाई अशिक्षित वर्गको साहित्य भन्छन्, झ्याउरे भनेर यसलाई अलि हेयको भावले हेर्छन् । भलै लोकगीतमा आधुनिक साहित्यमा झैं प्रशस्त अलङ्कार, शब्दाडम्बरका बुट्टा, छन्द, विम्ब र प्रतीक नहोलान् तर यसको सरलता, स्वच्छता र श्रुतिमाधुर्य यति प्रभावकारी हुन्छ कि तिनले मानिसका हृदय सहजै स्पर्श गर्छन् । लोकगीत आधुनिक गीत र साहित्यका निम्ति स्रोत पनि हो । कुनै पनि समाज चियाउन लोकगीतझैं सरल र सहज आँखीझ्याल अर्को हुनै सक्दैन ।

लोकगीत, गाथा, ऋतु गीत, संस्कार गीत, बाह्रमासा गीत, पर्व गीत, कर्म गीत, श्रम गीत आदि गरी विभिन्न प्रकारका हुन्छन् । श्रम गीत अन्तर्गतको एउटा गीत हो–रोपाइँ गर्दा गाइने असारे गीत । पूर्वीय लोकसभ्यतामा श्रम सधैं पूजनीय छ । ऋग्वेदमा भनिएको छ– “श्रामतस्य सख्याय देवाः” (श्रम नगरी देवताको सहयोग प्राप्त हुँदैन ।) भागवत गीतामा त झन् पूरै श्रम र कर्मको महत्त्वलाई रेखाङ्कित गरिएको छ । असारे गीत श्रमको महत्त्वलाई उच्च स्थानमा राखेर गाइएको गीत हो ।

नेपालमा खासगरी असार महीनामा धान रोपिन्छ । बडो मोहक र मादक हुन्छ असार । यतिखेर बादलका झुन्डहरू नयाँ क्रीडा गर्दै अनेक रूप धारण गरिरहेको हुन्छ, सप्तरङ्गी इन्द्रधनुषी छटाले सबैको हृदयलाई मोहित पारिरहेको हुन्छ, बोटबिरुवाहरू स्वच्छतापूर्वक वर्षात्मा भिज्दै मस्तीमा झुमिरहेका हुन्छन् । असार मास जगत्को जीवन र प्राणीको प्राण हो, धराको शृङ्गार, वनउपवनको अलङ्कार हो, हृदयमा उल्लास र उत्साहको प्रेरक, प्रेम र कामनाको सर्जक हो ।

यो सृजनाका निम्ति पनि उर्वर महीना हो । अङ्ग्रेजी साहित्यका शेली, किट्स, रबर्ट फ्रस्ट, स्पेनी साहित्यका गाब्रियल मिस्त्राल, जर्मनेली साहित्यका हर्मन हेस्से, संस्कृत साहित्यका कालिदास आदिले आफ्ना विलक्षण काव्य साधनाले असार (जून–जुलाई)लाई मानवीकरण गरेका छन् । कालिदासले आफ्नो कालजयी कृति ‘मेघदूत’मा वर्षाको जुन अनुपम र अद्‌भुत, मनोरम चित्र कोरेका छन्, जसको अभिलेख आजसम्म कसैले तोड्न सकेको छैन ।

वर्षामा कवि, कलाकारले काल्पनिक संसार बनाएर रचना गरिरहेका हुन्छन् भने धर्तीपुत्र किसानले धर्तीमा सृजना गरिरहेका हुन्छन् । वर्षाको सबैभन्दा बढी व्यग्रताका साथ कसैले प्रतीक्षा गरिरहेका हुन्छन् भने किसानले नै गरिरहेका हुन्छन् । आदिकालदेखि नै किसान र प्रकृतिबीच घनिष्ठ सम्बन्ध रहिआएको छ । यतिखेर बर्सिएको वर्षा किसान र फसलका निम्ति अमृत समान हुन्छ । किसानहरू बेचैनीका साथ आकाश हेर्दै व्यग्र हुन्छन् । जब वर्षा हुन्छ, तब किसान हर्षले गद्‌गद् हुन्छन्, खेतमा रौनक छाउँछ । लोकगीतकारहरू किसानको मनस्थितिसँग भलिभाँती परिचित हुन्छन् । ती किसानसँगै वर्षात्का रिमझिममा भिज्दै गाउन थाल्छन्, जसमा अरुण उपत्यकाले स्वर भरेको छ–

रिमिमा झिमी पानी है पर्‍यो असारे मासैमा

हिंडेको हामी धान है रोप्न बेंसीको फाँटैमा ।

लोकगीतमा प्रचुर मात्रामा मानवीय संवेदनशीलता हुन्छ, जुन व्यक्तिको चेतना, कल्पनाशीलता, भावप्रवणता, समूहमा मिश्रण भएर समूहको साझा वाणी बन्छ । यसले लोककल्याणको स्वरूप ग्रहण गर्छ । लोकका अनेकौं झाँकी देखिने लोकगीत स्वच्छता र सरलताले भरिनाका साथै मनका कल्मश, क्लेषलाई मेटाउने पियुषधारा समान हुन्छ । हाम्रा अतीत, वर्तमान र भविष्य सबै थोक लोकगीतमा सुरक्षित हुन्छ ।

देशका अधिकांश किसान मनसुनमा आधारित वर्षामा नै देशको प्रमुख बाली धानखेतीमा निर्भर छन् । मेहनती किसान वर्ग धानखेती गर्दा आफ्ना इच्छा, आकाङ्क्षा, हर्ष, उल्लास, निराशा, अवसाद, कुण्ठा, अभिलाषा आदिलाई लोकगीतका माध्यमबाट व्यक्त गर्छ । आदिकालदेखि नै अन्नदाता वर्ग किसान लोकगीतसँग अविभाज्यरूपमा जोडिंदै आएका छन् । किसानी काममा अधिक शारीरिक श्रम गर्नुपर्छ, पसिना बग्छ, हातमा ठेला उठ्छ, आँत खङ्ग्रङ भएर तिर्खा लाग्छ । थकान मेटाइ शरीरमा चुस्तीफुर्ती भरेर पुनर्ताजगी ल्याउनलाई किसानले रामदली, गोडेलो, दाइँगीत, असारे आदि श्रम गीत रचे, जसमा सबैभन्दा प्रमुख असारे गीत रहेको पाइन्छ । यो पनि बेठी, रसिया, घाँसे नगरा आदि गरेर विभिन्न हाँगामा बाँडिएका छन् ।

वर्षा ऋतुमा चल्ने ऋतुकालीन र श्रमगीतमा स्थानीय प्राकृतिक वातावरण र किसानका मनोदशाको चित्र पाउँछौं । जब असारे गीतभित्र प्रवेश गर्छौं, तब कृषि समाजको परिवेश, कृषि सामग्री, कृषि समाजको हर्षबिस्मात, आपत्‌विपत्, प्रेम, बिछोड, रमाइलो ठट्टा, हासपरिहास आदिको झल्को पाउँछौं ।

असारे गीत पूर्वी भागमा रसिया, मध्यक्षेत्रमा काँठे आदि नामले चर्चित छ । १६⁄१६ अक्षरको फाँकीले बनेका यस्ता गीतमा हरेक पाउका १० अक्षरमा गएर विश्रान्ति लिन्छ । लामो स्वरमा लेग्रो तानेर गाइने यस्ता गीतमा पहिलो फाँकी झिकिन्छ । त्यसपछि त्यसमा अनुप्रासका टुक्का गाँसिन्छ र अन्तिममा टुप्पो गीत मिलाइन्छ ।

किसानी दाइले खेती नै गर्‍यो, हातैमा कोदाली

जीवन धान्न गर्नु नै पर्ने, उकाली–ओराली

पानीमा पर्‍यो रिमी र झिमी, घाम लाग्यो घमाइलो

हजुर र हामी भेट भाको दिन, गरौं न रमाइलो

पानी पर्‍यो रिमी र झिमी घुमैले तर्काउँछ...

परम्परागत कृषिमा हलो र गोरुको सम्बन्ध नङ–मासुझैं प्रगाढ छ । अझै पनि गोरुविनाको कृषिको कल्पना गर्न सकिन्न । काँधमा काठले बनेको जुवा, भैंसीको छालाले बनेको हल्लुँडो, काठको जोतारो लगाएर नारिने गोरुलाई किसानले माले, तारे, झाले, जुरे, लालतारे आदि नामले पुकार्छन् भन्ने झल्को धर्मराज थापाको स्वर र सङ्कलनमा रहेको लोकगीतमा पाइन्छ–

हरियो डाँडा माथि, हलो जोत्ने साथी
हो हो माले हो हो, हो हो तारे हो हो...

मनसुन आउन लागेपछि सुक्खा खेतमा आली, कान्ला ताछेर बीउ राखिन्छ । जब बीउ हराभरा भएर आउँछ, तब किसानमा खुशीको सञ्चार हुन थाल्छ । पानी परेपछि खेतमा पानी जमाइन्छ अनि हिलो, आली मिलाउने काम हुन्छ । घरघरमा गएर बीउ बोक्ने लाठे, बीउ काढ्ने बियाडे, हिलो सम्याउने बाउसे आदिका निम्ति पर्मको आह्वान गरिन्छ, समाहा थुन्ने र खोल्ने काम गरिन्छ । विशेषतः असारे गीत समाहाको सुरिलो आवाजमा खुल्छ । आफ्नो आर्थिक क्षमताले भ्याएसम्म नौमती र पञ्चैबाजा हालेर रोपाइँ गरिनाका साथै भोजभतेर पनि गरिन्छ, जसलाई बेठी भनिन्छ ।

पहिले जिम्मावाल, मुखियाकामा श्रमिकहरूले सित्तैमा काम गर्नुपर्दाको कुण्ठास्वरूप बेठी गीत जन्मियो । पछि यसले संस्कृतिको रूप लिएको अनुमान गरिन्छ । बेठीमा नौमती र पञ्चैबाजाका तालमा बजाइने नगरा धुन, बेठी धुन, तिनताले गर्रा धुन, दोलखे रोपाइँ धुनको छुट्टै विशेषता छ । सिमेभूमे पूजाको धुनको अर्को आकर्षण हुन्छ, खोलाको धुनले सबको मन हरण गर्छ, जस अन्तर्गत छिटोछिटो दमाहा, झ्याम्टा, ढोलकी बजाउँदै हुर हुर हुर्राको राग अलापिन्छ । यस्ता धुनले जो कोहीलाई पनि हिलामा उफ्रिएर लडिबुडी खेलूँझैं बनाइदिन्छ ।

अझ बाग्मती क्षेत्रका नुवाकोट, रसुवातिर त बेठी गरिएको घरमा लाखे नचाइन्छ । हनुमानको झैं मुकुन्डो पहिरेको लाखे हिलामा पसेर हिलो खाएको पनि देखिन पाइन्थ्यो । बेठीमा पूर्वी पहाडमा रसियाको छुट्टै आकर्षण हुन्छ भने बाग्मती क्षेत्रमा काँठे र सुदूर कर्णालीमा अवालीको अर्को मिठास हुन्छ । बाग्मतीका पूर्वी भागमा प्रचलित रसिया किसानका

(बाँकी पाँचौं पातामा)



**घोडा चर्दैः** मुगुको छायानाथ रारा नगरपालिका–९ मा रहेको रारा तालको किनारको पाटनमा घोडाहरू चर्दै । तस्बिरः सुरेश आचार्य ⁄ रासस

## फरक समाचार

# इलेक्ट्रिक वाहन वातावरणमैत्री हुन्छ ?

इलेक्ट्रोनिक कारलाई हामी जति वातावरणमैत्री बुझ्छौं, त्यति छैन । सोसाइटी अफ रेयर अर्थ अनुसार एउटा विद्युतीय कार बनाउन प्रयोग हुने ५७ किलो कच्चा पदार्थ (आठ किलो लिथियम, ३५ किलो निकिल, १४ किलो कोबाल्ट) जमीनबाट निकाल्नमा चार हजार २७५ किलो एसिड फोहर र ५७ किलो रेडियोएक्टिभ अवशेष उत्पन्न हुन्छन् भने नौ टन कार्बन निस्किन्छ । जबकि पेट्रोलमा यो ५.६ टन मात्र हुन्छ ।



इलेक्ट्रिल भेहिकल (इभी)मा १३ हजार ५०० लिटर पानी लाग्छ भने पेट्रोल कारमा पानी चार हजार लिटर लाग्छ । रिकार्डो कन्सल्टेन्सीका अनुसार यदि इभीलाई कोइलाबाट बनेको बिजुलीबाट चार्ज गर्छौं भने डेढ लाख किलोमिटर गुडेपछि पेट्रोल कारको तुलनामा २० प्रतिशत मात्र कम कार्बन निकाल्छ । भारतमा ७० प्रतिशत बिजुली कोइलाबाट बनिरहेको छ भने अस्ट्रेलियामा भएको शोधले भन्छ– ३३ सय टन लिथियम फोहरमध्ये दुई प्रतिशत मात्र रिसाइकल हुन सक्छ, ९८ प्रतिशतले प्रदूषण फैलाउँछ ।

एरिजोना विश्वविद्यालयको इकोलोजी विभागका एमिरेट्स प्राध्यापक गाई मैक्फर्सन भन्छन्, लिथियम दुनियाँको सबैभन्दा हलुका धातु हो । यसले सजिलै इलेक्ट्रोन छोड्दैन । यसै कारण इभीको ब्याट्रीमा सबैभन्दा बढी प्रयोग हुन्छ । ग्रीन फ्युल भनिने लिथियमको महिमामण्डन भइरहेको छ तर यसलाई जमीनबाट निकाल्दा पर्यावरण तीन गुना बढी विषाक्त हुन्छ । लिथियमको ९८.३ प्रतिशत ब्याट्री प्रयोगपछि खाल्डो खनेर पुरिन्छ । पानीको सम्पर्कमा आएपछि यसमा प्रतिक्रिया हुन्छ र आगो लाग्छ ।

उनले भने, “अमेरिकाको प्यासिफिक नर्थवेस्टको एउटा खाल्डोमा जून २०१७ देखि डिसेम्बर २०२० सम्म यी ब्याट्रीबाट आगो लागेका १२४ वटा घटना भएका थिए । यतिमात्र होइन, जर्मनीमा आइएफओ थिङ्क ट्याङ्कद्वारा गरिएको शोध अनुसार मर्सिडिज सी२२०डी सेडानले प्रतिकिलोमिटर १४१ ग्राम कार्बन छोड्छ, जबकि टेस्ला मोडेल ३ को कार्बन उत्सर्जन १८१ ग्राम छ । संसारभरिका दुई सय करोड कारलाई इभीमा परिणत गर्दा असीमित एसिड फोहर निस्किन्छ, जसलाई विसर्जन गर्ने कुनै साधन छैन ।

एमआइटी इनर्जी एनिसिएटिभका शोधकर्ता अनुसार दुनियाँमा करीब दुई सय करोड वाहन छन् । यसमा एक करोड मात्र विद्युतीय छन् । यदि सबैलाई इलेक्ट्रिक भेहिकलमा परिणत गरेपछि त्यसलाई बनाउन जुन एसिड फोहर निस्किन्छ, त्यसलाई निस्तारण गर्न पर्याप्त साधन छैन । यस्तोमा सार्वजनिक यातायात बढाएर र निजी कारलाई घटाएर मात्र ग्रीन हाउस ग्याँस उत्सर्जन कम गर्न सकिन्छ ।

**पेट्रोल कारभन्दा इभी कार किन राम्रो ?** पेट्रोल कारले प्रतिकिलोमिटर १२५ ग्राम र कोइलाबाट तयार बिजुलीबाट चार्ज हुने इलेक्ट्रिक कारले प्रतिकिलोमिटर ९१ ग्राम कार्बन छोड्छ । इन्टरनेशनल काउन्सिल अन क्लिन ट्रान्सपोर्टेशन अनुसार युरोपमा इभीले ६९ प्रतिशत कम कार्बन उत्सर्जन गर्छ, किनभने यहाँ ६० प्रतिशतसम्म बिजुली अक्षय ऊर्जाबाट बन्छ ।

भारत सरकारले सन् २०३० सम्म ७० प्रतिशत कर्मशियल कार, ३० प्रतिशत निजी कार, ५० प्रतिशत दुई पाङ्ग्रे र ८० प्रतिशत तीन पाङ्ग्रे वाहनलाई इलेक्ट्रिक गर्ने लक्ष्य राखेको छ । सन् २०३० सम्म ४४.७ प्रतिशत बिजुली अक्षय ऊर्जाबाट बनाइने भएको र अहिलेसम्म २१.२६ मात्र अक्षय ऊर्जा छ ।

# घरमैं विभिन्न प्रजातिका तरकारी

भारत, बेङ्गलुरूकी प्रतिमा अदिगाले घरमा नै गोलभेडाका ७० भन्दा बढी प्रजाति रोपेकी छन् भने पिडालुका आठ, लौकाका २९, अदुवाका पाँच र बेसारका आठ किसिमका प्रजातिका साथै विभिन्न तरकारी रोपेकी छन् ।

उनले घरकै बगैंचाबाट ९० प्रतिशत तरकारीको आवश्यकता पूरा गर्छिन् । आफ्नो परिवारको स्वास्थ्यको लागि उनले नौ वर्ष पहिले घरमा नै तरकारी रोप्न शुरू गरेकी थिइन् । अहिले उनले आलु–प्याजबाहेक सम्पूर्ण किसिमको तरकारी घरकै बगैंचामा रोप्छिन् । उनको तरकारीबारीमा हरेक दिन १५ किसिमका तरकारी फल्छन्, जसलाई फ्रिजमा राखेर लामो समयसम्म उपभोग गर्छिन् ।

यतिधेरै तरकारी रोप्ने उनको घर ठूलो छैन । उनले यी सबै तरकारी नौ सय स्क्वायर फुटको टेरेस गार्डेनमा रोपकी छन् । स्थानीय सञ्चारमाध्यमसँग कुरा गर्दै उनले भनिन्, समय र ठाउँको कमी शहरी मान्छेको लागि समस्या हो । तर यदि हामीले सही ढङ्गले योजना बनायौं भने यो गाह्रो छैन । मान्छेहरू मैले तरकारी फलाएको देखेर अचम्म मान्छन् । यतिधेरै तरकारी म कसरी उब्जाउन सक्छु भनेर सोध्छन् र म यसको लागि ठाउँ र समयको चुनावमाथि ध्यान दिन्छु ।



पेशाले शेफ, प्रतिभा टेलिभिजन कार्यक्रममा फ्रिलान्स शेफको रूपमा काम गर्थिन् । तर उनको पतिको स्वास्थ्य अवस्था बिग्रिएपछि उनले घरमैं तरकारी रोप्न थालिन् । सन् २०१६ मा राजेन्द्र हेगडे र डा विश्वनाथको गार्डनिङ वर्कशपमा भाग लिएपछि उनले थुप्रै जानकारी पाइन् । समयसँगै आफ्नो अनुभवबाट उनले तरकारीबारीमा महारथ हासिल गरेकी छन् ।

उनले भनिन्, “म सानो छँदा मेरो बुबाले तरकारी रोप्ने गर्नुहुन्थ्यो । विवाहपछि मेरो ससुरालीमा सासूले सजावटी बिरुवा मात्र उब्जाइरहनुभएको थियो । १६ वर्ष पहिले जब हामी राजाजी नगरमा बनेको नयाँ घरमा पुग्यौं, तब मैले अर्नामेन्टल बोट लगाउन शुरू गरें । मेरो पतिको अनुरोधपछि मैले तरकारी रोप्न थालें ।”

उनको पतिलाई हृदयसम्बन्धी रोग थियो । त्यस कारण उनले घरमैं अर्गानिक तरकारी रोप्न थालिन् । अर्गानिक तरकारी खाएर अहिले उनको पति मात्र होइन सम्पूर्ण परिवार निकै स्वस्थ छ । घरको तेस्रो र चौथो तलामा उनले तरकारीबारी बनाएकी छन् र रिसाइकिल कन्टेनर्ससहित ठूला ग्रो ब्याग्सको प्रयोग गरेर उनले थुप्रै तरकारी उब्जाउँछिन् । प्रतिमाका मित्रहरूले उनलाई विदेशबाट बीउ पनि उपलब्ध गराएका छन् । उनको बारीमा थुप्रै एग्जोटिक फल–तरकारी अहिले भेटिन्छन् ।

एक वर्ष उनले आफ्नो बारीबाट २३ किलो बेसार र ३० किलो लौका उत्पादन गरिन् । उनले १२ वर्षदेखि घरमैं कम्पोस्ट मल बनाइरहेकी छन् । घरमैं भान्साबाट खेर जाने वस्तुबाट राम्रो खाद बनाउँछिन् र शहरको गौशालाबाट गौमूत्र ल्याएर कीटनाशकको रूपमा प्रयोग गर्छिन् । उनले भनिन्, “घरको अमिलो छास आदिको प्रयोग पनि कीटनाशकको रूपमा काम गर्न सकिन्छ ।”

उनले आफ्नो सीप मान्छेहरूमा पुर्‍याउने प्रयास गर्छिन् । उनले थुप्रैलाई तरकारीबाली लगाउन सिकाएकी छन् । उनी भन्छिन्, “पहिलोपटक तरकारीबालीको लागि सागपात रोप्नुपर्छ । त्यसपछि मूला, खुर्सानी, गोलभेडा उब्जाउनुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## प्रम मोदी तेस्रो कार्यकालको योजना सार्वजनिक गरे

नयाँ दिल्ली, १० असार/एएफपी

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) सरकारको नेतृत्व गरेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले



सोमवार संसद्को पहिलो बैठकको पहिलो सत्रमा तेस्रो कार्यकालको योजना प्रस्तुत गरेका छन् ।

एक दशकपछि पहिलोपटक गठबन्धन सरकारमा सामेल हुन बाध्य भारतीय जनता पार्टी (भाजपा) सरकारले अघिल्ला कार्यक्रमलाई कसरी प्रस्तुत गर्छ भनेर विशेष चासोका साथ हेरिएको छ । भाजपाले एकल सरकार बनाएको बेला घोषणा गरेका कतिपय कार्यक्रमहरू यो सरकारले त्याग्छ वा निरन्तरता दिन्छ, यसमा सबैको चासो रहेको छ ।

जुलाई ३ सम्म चल्ने पहिलो सत्रमा मोदीको तेस्रो कार्यकालको योजना र सन् २०१४ देखि रिक्त रहेको विपक्षी दलको नेताको रूपमा राहुल गाँधीको सम्भावित औपचारिक नियुक्तिको पूर्वावलोकन हुनेछ ।

विश्लेषकहरूले ७३ वर्षीय मोदीले आफ्ना हिन्दू राष्ट्रवादी एजेन्डालाई संयमित गर्दै गठबन्धन साझेदारलाई आश्वस्त पार्ने, पूर्वाधार, सामाजिक कल्याण र आर्थिक सुधारमा बढी ध्यान केन्द्रित गर्ने अपेक्षा गरेका छन् ।

संसदीय मामिलामन्त्री किरेन रिजिजुले सोमवार अधिवेशन 'शान्तिपूर्ण र उपलब्धिमूलक' भएको बताए पनि भारतीय सञ्चारमाध्यमले भने अझ बलियो प्रतिपक्षसँग जीवन्त बहस हुने अपेक्षा गरेको बताएका छन् ।

पहिलो दुई दिन नवनिर्वाचित सांसदले शपथ लिएसँगै संसद् अधिवेशन शुरू हुनेछ ।

प्रधानमन्त्रीको रूपमा मोदीको दशकले उनलाई देशको बहुसङ्ख्यक हिन्दू धर्मको कट्टर समर्थकको छवि विकास गरेको छ । यसले देशभित्रको मुस्लिम समुदायसहित अल्पसङ्ख्यकहरूलाई चिन्तित बनाएको छ ।

भाजपाले यस वर्षको चुनावमा २४० सिट जितेको छ र यो तल्लो सदनमा बहुमतका लागि चाहिने सङ्ख्याभन्दा ३२ सिट कम हो । यसले भाजपालाई शासन गर्न साना पार्टीहरूको समूहमा निर्भर बनाएको छ ।

मोदीले यो सरकारमा पनि प्रमुख पदहरू यथावत् राखेका छन् र क्याबिनेटमा भाजपाको प्रभुत्व कायमै छ ।

प्रधानमन्त्री मोदीका विश्वासपात्र राजनाथ सिंह, अमित शाह, नीतिन गडकरी, निर्मला सीतारमण र एस जयशङ्कर क्रमशः रक्षा, आन्तरिक, यातायात, वित्त र विदेशमन्त्री बनेका छन् ।

उनको ७१ सदस्यीय सरकारमध्ये ११ पद गठबन्धनका सहयोगीलाई दिइएको छ भने मन्त्रिमण्डलको महत्त्वपूर्ण शीर्ष ३० पद पाँचवटा गठबन्धन दललाई बाँडिएको छ ।

तल्लो सदनको सञ्चालनको रेखदेख गर्ने शक्तिशाली पद सभामुखको निर्वाचनलाई पनि धेरैले हेरिरहेका छन् । सांसदहरूले बुधवार सभामुखका लागि मतदान गर्नेछन् ।

गठबन्धनका सहयोगीले यस पदमा आँखा लगाएका छन् । केहीले खुलेरै प्रधानमन्त्रीले भाजपाबाट उम्मेदवार खडा गर्ने बताएका छन् । रासस




**कार्गो रेलबाट कन्टेनर झिक्दै**: श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंजको परिसरमा कार्गो रेलबाट मेशीनको सहायताले कन्टेनर झिक्दै । एउटा कार्गो रेलमा ६० वटासम्म कन्टेनर राखेर ल्याउने गरिन्छ । तस्बिर: हिमाल लम्साल/रासस

## रूसमा आतङ्कवादी आक्रमण, १५ प्रहरी अधिकृतको मृत्यु

मस्को, १० असार/सिन्ह्वा

दक्षिणी रूसको दागेस्तान गणतन्त्रमा शृङ्खलाबद्ध आक्रमणमा कम्तीमा



१५ जना प्रहरी अधिकारीको मृत्यु भएको आरआइए नोभोस्तीले स्थानीय अधिकारीलाई उद्धृत गर्दै सोमवार जानकारी गराएको छ ।

दुई अर्थोडक्स चर्च, धार्मिक सभाघर र तटीय शहर डर्बेन्ट र दागेस्तानको राजधानी मखचकलाको ट्राफिक प्रहरी चौकीमा भएको सशस्त्र झडपमा मानवीय क्षति भएको हो ।

दागेस्तान गणतन्त्रका प्रमुख सर्गेई मेलिकोभले स्थिति नियन्त्रणमा आइसकेको बताएका छन् । उनका अनुसार डर्बेन्टसिथत सभाघरमा आक्रमणको क्रममा लगाइएको आगो पूर्णरूपमा निभाइएको छ ।

सशस्त्र आक्रमणमा संलग्न छजना सशस्त्र व्यक्ति मारिएको मेलिकोभले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा उल्लेख छ । 'आतङ्कवादी' आक्रमणमा संलग्न समूहलाई पक्राउ गर्न कानून प्रवर्त्तन अधिकारीलाई खटाइसकिएको उनले बताए ।

उत्तरी ककेशियन क्षेत्रमा अवस्थित दागेस्तान देशको सबैभन्दा भाषिक र जातीय विविधता भएको क्षेत्रमध्ये एक हो ।

आक्रमणपछि रूसको यहुदी समुदाय महासङ्घका अध्यक्ष अलेक्ज्यान्डर बोरोडाले दागेस्तानमा भएको आक्रमणपछि आउन सक्ने सम्भावित परिस्थितिलाई मध्यनजर गर्दै कुनै पनि उक्साहटमा नलाग्न स्थानीयलाई आग्रह गरेका छन् ।

स्थानीय अधिकारीका अनुसार मखचकला र डरबेन्टमा हुने सबै मनोरञ्जन कार्यक्रमहरू अर्को सूचना नभएसम्म रद्द गरिएको छ ।

सरकारी तथ्याङ्क अनुसार मार्च २२ मा मस्कोको क्रोकस सिटी हल कन्सर्ट स्थलमा भएको आतङ्कवादी आक्रमण र आगजनीमा कम्तिमा १४४ जनाको मृत्यु हुनुका साथै ५५१ जना घाइते भएका थिए । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – अलमल |
| मिथुन – वादविवाद | कर्कट – व्यापारवृद्धि |
| सिंह – कडापरिश्रम | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – विजय |
| धनु – कान्तिक्षय | मकर – सुयश |
| कुम्भ – बेचैनी | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## कालिकामाई गापाद्वारा ४३ करोड ६५ लाखको बजेट प्रस्तुत

प्रस, सेढवा, १० असार/

कालिकामाई गाउँपालिकाले आगामी




आव २०८१/८२ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । वडा नं ३ हरिहरपुर बिर्तास्थित पालिकाको सभाहलमा आयोजित कार्यक्रममा गापा उपाध्यक्ष राजमती बरैनीको तर्फबाट जिन्सी प्रमुख विक्रम चौरसियाले आगामी आवको लागि नीति तथा कार्यक्रमका साथै अनुमानित ४३ करोड ६५ लाखको बजेट प्रस्तुत गरेको प्रमुख प्रशासकीय अधिकृत अमितकुमार गिरीले बताए ।

आगामी आवको नीति तथा कार्यक्रममा कालिकामाई गापाले शिक्षा, कृषि, स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखेको छ । गुणस्तर शिक्षाका लागि कतिपय नयाँ कार्यक्रम थप गरिने योजना छ । विद्यालय बाहिर रहेका गरीब परिवारका बालबालिकाहरूलाई शिक्षामा अनिवार्य पहुँच गराउने नीति लिइएको छ । विद्यालय जाने उमेरका बालबालिकालाई भर्ना गराउनुका साथै विद्यालयमा टिकाइराख्नका लागि पनि नीति तथा कार्यक्रममा व्यवस्था गरिएको छ । यसका अतिरिक्त महिला हिंसा, बालविवाह, बालशोषणलगायतका विकृति हटाउन कार्यक्रम ल्याउने उल्लेख छ ।

गापाध्यक्ष वशिष्ठकुमार गुप्ताको अध्यक्षतामा भएको गाउँसभामा वडाध्यक्षहरू लालबाबू राउत बरई, सोनालाल चौरसिया, सञ्जयकुमार पटेल, सञ्जयकुमार साह, जयनारायणप्रसाद कुर्मीलगायतको सहभागिता थियो ।

## जनमतको जीराभवानीमा अधिवेशन

प्रस, सेढवा, १० असार/

जनमत पार्टी पर्सा क्षेत्र नं ४ अन्तर्गत जीराभवानी गापाको प्रथम अधिवेशन सम्पन्न भएको छ ।

अधिवेशनले रामप्रवेश दास थारूको अध्यक्षतामा २३ सदस्यीय पालिका कमिटी गठन गरेको छ । यसअघि अधिवेशनको उद्घाटन जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफले गरेका थिए ।

सहपर्यवेक्षक रेनु यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य चन्दन चौहान, प्रदेश सदस्य शेषनाथ महतो, सञ्जय सिंह, उदय यादव, लोकेश कर्णलगायतको सहभागिता थियो ।



**असारे गीतमा ...**

सुखदुःख, प्रेम, मिलन, पीर, व्यथा, हासपरिहास आदिले ओतप्रोत हुन्छ ।

जल, वायु, आकाश, भूमि, अग्नि आदि पञ्चतत्त्वको प्रतिनिधित्व गर्ने दमाहा, झ्याली, सनही, टयाम्को, ढोलकी, नरसिंहा, कर्णाल आदि बाजाको तालमा गाइने बेठी गीतमा गीतसँगै धुनहरूको पनि छुट्टै महत्त्व छ । पञ्चैबाजाका तालमा बजाइने यस्तो धुनमा समूहले हुर हुर हुर्राको राग अलाप्छ । यस्ता धुनमा प्रमुखरूपमा दोलखे रोपाइँ धुन, धाँगर रोपाइँ धुन तथा दमाहा तालमा बजाइने नगरा धुन, सनही बाजाका तालमा बजाइने तीनसोरे–चारसोरे ख्याली धुन पर्छन् ।

प्रायः स्थानमा बाजासँगै मुखमा कालोमोसो दलेको लाखे पनि नचाइन्छ । त्यसको हाउभाउले बेठी हेर्न आउनेलाई मनोरञ्जन प्रदान गर्छ । जब लाखेमा देउता चढ्छ, ऊ हिलामा लडिबुडी खेल्दै हिलोसम्म खान थाल्छ, जसलाई खली खाने पनि भनिन्छ । नुवाकोट, रसुवाका पूर्वी भाग, मकवानपुरतिर पनि झन्डै यस्तै लयका गेडाहरू चल्छन्, जुन वाद्ययन्त्रका तालमा र विनावाद्ययन्त्र घाँसेगीतका तालमा पनि गाइन्छ । यस्ता गीतमा मायापीरतिका संयोगान्त, वियोगान्त चित्र भेटिनाका साथै वर्षाको बाह्य र आन्तरिक चित्रण हुन्छ ।

किसानहरू बाहिर जति हाँसिरहेका हुन्छन् भित्र त्यति नै छट्पटी, पीर, व्यथा बोकेर बाँचिरहेका हुन्छन् भन्ने अभिव्यक्ति लोकका प्रचलित यी गेडामा प्रस्ट झल्किन्छ–

हो हो रे राम हो

असार पन्ध्र खाने दहीचिउरा, साउन पन्ध्र खीर

घरमा छैन शीतलु वचन, मनमा छैन थिर ।

रोपाइँको दिन किसानलाई भ्याइनभ्याइ हुन्छ । दिनभरिका थकानले गलित बाउसे, रोपाहारहरू आलीमा बसेर गीत गाउँदै दुःख–कष्ट, थकान बिर्सन खोज्छन्, एकार्कामा हिलो छ्यापाछ्याप गर्दै रमाइलो गर्छन् । स्थान अनुसार असारे गीतका फरकफरक लय छन् । कर्णाली र सुदूरपश्चिमतिर अवालीको नामले चर्चित छ । बाग्मती र बाग्मती पूर्वको पूर्वी पहाडमा रोपाइँ बेठीमा पञ्चैबाजाको छुट्टै आकर्षण छ, कर्णाली र सुदूरपश्चिमतिर हुड्को बाजाको विशेष रौनक हुन्छ ।

कृषि कार्यमा पुरुष मात्र होइन, ग्रामीण महिलाहरू पनि त्यति नै दक्ष हुन्छन् । महिलाहरू कृषि कार्यमा पूर्णतः एकाग्रचित्त हुनका निम्ति लोकगीत गुनगुनाउँछन्–

...असारे झरी साउने झरी, धानको पातलाई

जन्मेको ठाउँ छोड्नै पर्ने, छोरीको जातलाई

छुपुमा छुपु ज्यान खेतै रोप्नु, हातैमा बीउ रहुन्जेल

राम्रैमा लाउँला मीठैमा खाउँला, बाबाको जीउ छउन्जेल...

जब धान रोप्ने महिलाहरू गाउँछन्, खेत उनीहरूको स्वरले खेत अभिभूत हुन्छ, उनीहरूको पदचापमा झुम्न थाल्छ । धर्ती र माटाको मूल्य बढी कसैले बुझेका हुन्छन् भने त्यो महिलाले बुझेका हुन्छन् । वास्तवमा असारे गीत एउटा समुद्र हो, जसमा विभिन्न भागालाहरू छन् । नेपालमा ठूला, मझौला, भूमिहीन आदि गरी अनेक थरी किसान छन् ।

आजको युग भूमण्डलीकरणको युग हो । कृषिको आधुनिकीकरणका नाममा कृषियन्त्र, विषादीले हिले माछा, गँगटा, घोघीं मार्दै लगिरहेछ, जैविक विविधता नष्ट हुँदै गइरहेछ । पञ्चैबाजा र हुड्का बजाउनेहरू दलन र विभेदका शिकार भएर पेशा छाड्न बाध्य भइरहेछन् । श्रुति र स्मृति परम्परा आधारित यस्ता लोकगीतहरू तबमात्र जीवित रहन्छ, जब यस्ता गीतहरूको पुस्तान्तरण हुन्छ । श्रमसँग जोडिएका यस्तो संस्कृति जोगाउन मौलिक संस्कृतिकर्मीहरू नै जुर्मुराउनुपर्छ । (लेखक लोकसाहित्यका जानकार हुन् । रासस)

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# निजगढ नगरपालिकाको १४औं नगरसभा सम्पन्न

प्रस, निजगढ, १० असार/

निजगढ नगरपालिकाको १४औं नगरसभा सोमवार सम्पन्न भएको छ। निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै 'समृद्ध निजगढ नगर, सुखी नगरवासी' बनाउने लक्ष्यसहित समृद्ध, समतामूलक, स्वच्छ, हराभरा र विकसित नगरपालिका बनाउने योजना रहेको बताए। उनले अत्याधुनिक प्रविधियुक्त कृषि प्रणालीमा आधारित नगदेबाली तथा पशुपालन व्यवसायको विस्तार गरी रोजगारको अवसर सिर्जना गर्ने, शैक्षिक क्षेत्रको विकास र गुणस्तर सुधारका लागि विद्यालय उमेरका बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, प्राविधिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक शिक्षामा जोड दिने, 'समृद्ध नगरको आधार, स्वास्थ्य क्षेत्रमा क्रमिक विकास' नारा तय गरी स्वास्थ्य सेवालाई सबैको पहुँच र नागरिकको मौलिक हकको सुनिश्चितता गर्न 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' र 'मेयरसँग ज्येष्ठ नागरिक विशेष स्वास्थ्य कार्यक्रम'लाई निरन्तरता दिने बताए।







तस्विर : जीतलाल श्रेष्ठ

उनले नगरवासीलाई स्वस्थ एवं निरोगी बनाउन योग, ध्यान र प्राकृतिक चिकित्सा पद्धतिको अनुसरण गर्न प्रोत्साहित गर्ने, खानेपानी तथा सरसफाइमा विशेष जोड दिई वृहत् खानेपानी तथा सरसफाइ आयोजना लागू गर्ने जनाउँदै निजगढ नपाका वडा नं १, २, ३ साबिक भरतगंजसिंगौल र वडा नं १०, ११, १२, १३ साबिक रतनपुरमा दैनिक खानेपानी र सिंचाइको अवस्थामा सुधार गर्दै खानेपानी र सिंचाइको व्यवस्था गर्ने बताए।

उनले युवा तथा खेलकूद विकासतर्फ ध्यान दिंदै नगरभित्र रहेका क्लब तथा युवा समूहहरूलाई प्रोत्साहन गर्ने, तेक्वान्दो, फूटबल, भलिबल, एथलेटिक, क्रिकेटलगायत खेलको विकास गर्ने, शहीद हीरालाल रङ्गशाला र निजगढ-४ कछडिया टोलस्थित खेलमैदानलाई राष्ट्रियस्तरको रङ्गशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने बताउँदै नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गर्ने, पूर्वाधार विकासमा जोड दिने, वन, वातावरण तथा हरियाली प्रवर्धन गर्ने, नगरका हरेक क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन गर्ने, विपत्, प्रकोपको व्यवस्थापनको लागि आवश्यक सामग्री व्यवस्थापन गरी तालीम प्रदान गर्ने, कला, संस्कृति तथा सम्पदाको संरक्षण एवं संवर्द्धन गर्ने, भूउपयोग ऐनको कार्यान्वयन गरी नगरभित्रका जग्गाको वर्गीकरण गर्ने, सामाजिक सुरक्षा तथा घटना दर्ता, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरणलगायतका कार्यलाई प्राथमिकतामा राखिने नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

नगरप्रमुख पुरीको अध्यक्षतामा सम्पन्न नगरसभामा उपप्रमुख सोममाया थिङले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्दै चालू र पूँजीगत खर्च तथा वित्तीय व्यवस्थापनमा सञ्चित कोषबाट खर्च गर्नेगरी ९० करोड एक लाख रुपैयाँको बजेट विनियोजन गरिएको बताइन्। उनले चालू आवको कुल बजेट रु ८१ करोड १९ लाख ६९ हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्ममा रु ५८ करोड ९७ लाख २६ हजार १८३ आम्दानी भएको र रु ५१ करोड १६ लाख १५ हजार ५१३ रुपैयाँ ५६ पैसा खर्च भएको बताइन्।

नीति तथा कार्यक्रम र बजेटमाथि वडाध्यक्ष, सदस्यहरूले पूर्ण सर्मथन गर्दै सर्वसम्मति पारित गरेका थिए।


## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### भदौ मसान्तसम्म ...

२८ जिल्लामा ४३८ विवरण दर्ता अपरेटर खटाइएको मन्त्रालयले जनाएको छ। सेवाग्राहीको चापका आधारमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा पायक पर्ने उपयुक्त स्थानमा विवरण दर्ता स्टेशन सञ्चालनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गरिएको प्रवक्ता भट्टराईले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालयहरूमा सेवा लिन आउने सेवाग्राहीलाई अशक्तको हकमा तत्काल र अन्यको हकमा पहिले आउनेले पहिला पालो पाउने व्यवस्था मिलाउनसमेत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको मन्त्रालयले जनाएको छ।

# खेलकूदको संसार

## अमेरिकालाई हराउँदै इङ्गल्यान्ड सेमिफाइनलमा

काठमाडौं, १० असार/रासस

आइसिसी टि ट्वान्टी विश्वकप २०२४ अन्तर्गत अमेरिकालाई हराउँदै इङ्गल्यान्ड सेमिफाइनलमा प्रवेश गरेको छ। ब्रिजटाउन बार्बाडोसमा गए राति सम्पन्न खेलमा इङ्गल्यान्डले अमेरिकालाई १० विकेटले हराउँदै प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो टोली बनेको छ।



अमेरिकाले दिएको ११६ रनको लक्ष्य, इङ्ल्यान्डले ९.४ ओभरमैं कुनै विकेट नगुमाई पूरा गऱ्यो। इङ्ल्यान्डको जीतमा कप्तान जस बटलरले ३८ बलमा ६ चौका र ७ छक्कासहित सर्वाधिक ८३ रनको योगदान दिए। त्यस्तै फिल साल्ट २१ बलमा २५ रनमा अविजित रहे।

त्यस अघि टस हारेर पहिले ब्याटिङ गरेको अमेरिका १८.५ ओभरमा ११५ रनमा समेटिएको थियो। अमेरिकाका लागि नीतीश कुमारले सर्वाधिक ३० रन र कोरी एन्डरसनले २९ रन जोडे। त्यस्तै हरमित सिंहले २१ तथा स्टेभेन टेलरले १२ रन बनाए।

इङ्ल्यान्डका लागि क्रिस जोर्डनले चार विकेट लिए भने श्याम करन र आदिल राशिदले समान दुई-दुई तथा लियम लिभिङस्टोनले एक विकेट लिए। यो जीतसँगै इङ्गल्यान्ड अन्तिम सुपर आठको समूह २ मा तीन खेलबाट चार अङ्कका साथ सेमिफाइनलमा पुगेको हो। समान दुई खेलमा दक्षिण अफ्रिका चार र वेस्ट इन्डिजको दुई अङ्क छ। अमेरिका भने अङ्कविहीन हुँदै प्रतियोगिताबाट बाहिरिएको छ।

## महिला टी-२० क्रिकेटको उपाधि स्याङ्जालाई

कास्की, १० असार/रासस

पोखरामा सञ्चालन भएको गण्डकी प्रदेशस्तरीय महिला टी-२० क्रिकेटको उपाधि स्याङ्जाले जितेको छ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमवार सम्पन्न फाइनलमा घरेलु टोली कास्कीलाई ४५ रनले पराजित गर्दै स्याङ्जाले उपाधि जितेको हो। विजेता स्याङ्जाले नगद रु एक लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेता कास्कीले रु ५० हजार ट्रफी र मेडल पुरस्कार प्राप्त गऱ्यो।

फाइनलमा टस जितेर पहिला ब्याटिङ गरेको स्याङ्जाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १०५ रन बनाएको थियो। उसका लागि कुसुम गोदारले ३१ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ३१ रन जोडिन्। सिमाना केसीले ३६ बलमा दुई चौकाका साथ २४ रनको योगदान दिइन्। यसैगरी, ज्योत्सना मरासिनीले १४ रन बनाइन्। अन्य खेलाडीले भने दोहोरो अङ्कको रन छुन सकेनन्।

कास्कीका लागि सुशीला दिम्दुङ र पूर्णिमा गुरुङले समान दुई/दुई विकेट लिए। रचना चौधरी, चन्द्रमाया बराल र रिया तामाङले समान एक/एक विकेट लिए।

उपाधिका लागि १०६ रनको लक्ष्य पछ्याउने क्रममा कास्की २० ओभरमा नौ विकेट गुमाउँदै ६० रनमा सीमित भयो। कास्कीले १५ रन अतिरिक्त दोहोरो रन आफ्नो पारीमा जोडे पनि कुनै पनि खेलाडीले दोहोरो अङ्क छुन भने सकेनन्। कास्कीका खेलाडीहरूले आफ्नो पारीमा ४५ रन मात्रै बनाए।

स्याङ्जाका लागि बलिङतर्फ आकृति तिवारीले चार ओभरमा एक मेडन राख्दै १२ रन दिएर दुई विकेट लिइन्। 'वुमन अफ दी म्याच' घोषित सिमाना केसीले तीन ओभर बलिङमा पाँच रन दिएर दुई विकेट लिन सफल हुँदा रञ्जना साउदले दुई ओभरमा पाँच रन दिएर दुई विकेट लिइन्। यसैगरी, कुसुम गोदारले एक विकेट लिन सफल भइन्।

प्रतियोगितामा स्याङ्जाकी कुसुम गोदार 'प्लेयर अफ दी सिरिज' र 'बेस्ट ब्याटर' बन्न सफल भइन्। कास्कीकी चन्द्रमाया बराल उत्कृष्ट बलर बन्न सफल भइन्। उनीहरूले नगदसहित ट्रफी प्राप्त गरे।

# जगरनाथपुर गापाको ४४ करोड ३४ लाखको बजेट

ओमप्रकाश चौधरी, सेढवा, १० असार/

जगरनाथपुर गाउँपालिकाको सोमवार आयोजित ११औं गाउँसभाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ।



गापाध्यक्ष श्रीकान्तप्रसाद यादवको अध्यक्षता तथा प्रदेशसभा सदस्य एवं नेका पर्साका सभापति जनार्दनसिंह क्षत्रीको प्रमुख आतिथ्यमा भएको गाउँसभामा आगामी आव २०८१/८२ को लागि नीति तथा कार्यक्रमसहित रु ४४ करोड ३४ लाख २३ लाखको बजेट प्रस्तुत गरिएको थियो।

गापाध्यक्ष यादवले आगामी आवको बजेट प्रस्तुत गर्दै भौतिक पूर्वाधार तथा विकास निर्माण कार्यमा रु तीन करोड ९० लाख, आर्थिक विकास अन्तर्गत कृषि तथा पशु विकासका लागि रु ९९ लाखको अनुमानित खर्च विनियोजन गरिएको बताए। यसैगरी, सामाजिक विकासतर्फ शिक्षामा रु दुई करोड ७० लाख, स्वास्थ्यमा रु ९२ लाख, खानेपानी तथा सिंचाइमा रु एक करोड ८४ लाख, खेलकूदमा रु ३७ लाख, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षामा रु ५८ लाख, वन तथा विपत् व्यवस्थापनमा रु ३८ लाख, सोलार बत्ती जडानमा रु ८५ लाख विनियोजन गरिएको बताए। त्यस्तै, मठमन्दिर, मस्जिद, सांस्कृतिक सम्पदा जगेर्नामा रु तीन करोड नौ लाख, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तथा कर्मचारीको तलबभत्तामा रु १० करोड ८८ लाख अनुमानित खर्च हुने जानकारी गराए। सङ्घ सरकारको सशर्त चालूतर्फ रु १५ करोड ८४ लाख, पूँजीगततर्फ रु ९० लाख, समपूरक अनुदान रु २० लाख, विशेष अनुदान रु ५० लाख, प्रदेश सरकारको समपूरक अनुदान रु २० लाख, विशेष अनुदान रु ३० लाख गरी जम्मा रु ४४ करोड ३४ लाख २३ हजारको बजेट विनियोजन गरिएको अध्यक्ष यादवले बताए।

उनले सबै वडालाई जोडने गरी रिङरोड बनाउने र १५ शय्याको अस्पताल निर्माणको योजना पनि रहेको बताए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्दन रायसहित लक्ष्मी साह तेली, नेपालीप्रसाद कुशवाहा, सुवास यादव, प्रभुनाथ नुनिया, बिहारी महतो नुनिया, अयोध्याप्रसाद कुर्मीलगायतको सहभागिता थियो।

## गाँजासहित दुईजना पक्राउ

प्रस, बिरुवागुठी, १० असार/

जीराभवानी गाउँपालिकाबाट प्रहरी गस्ती टोलीले लागूऔषध गाजासहित दुईजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा नेतृत्वको गस्ती टोलीले हिजो आइतवार राति १० बजे जीराभवानी गापा-१ महादेवपट्टिस्थित ओरिया खोलाको बाटो हुँदै भारततर्फ जाँदै गरेको भारतीय नम्बरको मोटरसाइकल चेकजाँच गर्दा चार किलो गाँजा बरामद भएको र मोटरसाइकलमा सवार दुईजनालाई नियन्त्रणमा लिएको थियो।

प्रहरीले पक्राउ परेका दुईजनामध्ये एकजना जगरनाथपुर गापा निवारी शम्भु राम र अर्का भारत राजस्थान निवासी कृष्णलाल पाण्डे रहेको जनाएको छ। उनीहरूलाई इप्रकामा राखेर थप अनुसन्धान भइरहेको प्रनि बुढाथापाले बताए।